इ.पु. ४१



  

ॐ श्रीकृष्णपरमात्मने नमः

वन्दे शिवंशङ्करम्, वन्दे मातरम्

श्रीलिङ्गमहापुराणमा श्रीशिवलिङ्गको परिभाषा र श्रीशिवजीको पशुपति नामको वास्तविक अर्थ

नमो रुद्राय हरये ब्रह्मणे परमात्मने ।
प्रधानपुरुषेशाय सर्गस्थित्यन्त कारिणे ॥

श्री वाल्मीकि विद्यापीठलाई समर्पित

-स्वामी, कृष्णानन्द परमहंस

ॐ श्रीकृष्णपरमात्मने नमः

लेखक

स्वामी कृष्णानन्द परमहंस

संस्थापक तथा व्यवस्थापकः-

१) आध्यात्मिक-जनजागृति प्रकाशन, नेपाल ।

२) श्रीकृष्णशिव सिद्धाश्रम पाणिनि तपोभूमि, अर्घाखाँची

३) श्रीशिवशक्ति-आश्रम, कैलासडाडाँ, पणेना-१, अर्घाखाँची

४) श्री कैलास-आश्रम, वाणगंगा-६, नन्दनगर, कपिलवस्तु

५) **संरक्षकः-** श्रीकृष्ण-आश्रम गोपेश्वरपीठ, मथुराधाम, वाङला-८, अर्घाखाँची

६) **संरक्षक सल्लाहकारः-** विश्व हिन्दू एकता परिषद्

प्रकाशकः- आध्यात्मिक-जनजागृति-प्रकाशन, नेपाल

मोलः- श्रीकृष्णपरमात्माप्रति श्रद्धाभक्ति

यसको सबै अधिकारः- लेखकमा मात्र सीमित छैन । आफ्नो हिन्दूधर्म, संस्कृति र सभ्यता प्रति विशेष अभिरुची भएका श्रद्धालुलाई सुम्पेको छु ।

छापिएको समय :- सृष्टि सम्बत् :-१९५५८८५१०४

श्रीकृष्ण सम्बत् :- ५२२७

युग सम्बत् :- ५१०४

श्री नेपाल सम्वत् :- ११२७

श्री विक्रम सम्वत् :- २०५९

छापिएको ठाउँ :- आसिष अफसेट प्रेश एण्ड डिजाइनर्स

नारायणपथ-७, भैरहवा

फोन नं. : ०७१-२०४९९

इ. पु. ४१

सच्चिदानन्दरूपाय विश्वोपत्त्यादिहेतवे ।
तापत्रयविनाशाय श्रीकृष्णाय वयं नुमः ॥
जन्माद्यस्य यतोन्वयादि तरतश्चार्थष्वभिज्ञः स्वदाट्
तेने ब्रह्महृदाय आदिकवये मुह्यन्ति यत्सरयः ।
तेजोवारिमृदां यथा विनिमयो यत्र त्रिसर्गोमृषा
धाम्ना स्वेन सदा निरस्त कुहकं सत्यं परं धीमहि ॥

विशुद्धज्ञानदेहाय त्रिवेदीदिव्य चक्षुषे ।
श्रेयः प्राप्ति निमित्ताय नमः सोमार्धधारिणे ॥
वन्दे देवमुमापतिं सुरगुरू वन्दे जगत्कारणं
वन्दे पन्नगभूषणं मृगधरं वन्दे पशूनां पतिम् ।
वन्दे सूर्य शशाङ्कवन्हिनयनं वन्दे मुकुन्दप्रियं
वन्दे भक्तजनाश्रयंवरदं वन्दे शिवं शङ्करम् ॥

दु.पु.४

जयन्ती मङ्गला, काली, भद्रकाली, कपालिनी ।
दुर्गा, क्षमा, शिवा, धात्री, स्वाहा स्वधा नमोस्तुते ॥
विद्युदामसमप्रभां मृगपति स्कंधस्थितां भीषाणां
कन्यभिस्‍ कखालखेट विलसद्धस्ताभिरासेविताम् ।
हस्तैश्चक्रगदासिखेटविशिखांश्चापं गुणं तर्जनीं
विभ्राणां मनलात्मिका शशिधरां दुर्गा त्रिनेत्रा भजे ॥



कृष्णद्वैपायनं व्यासं सर्वभूतहितेरतं ।
वेदाब्जभास्करं वन्दे शमादि निलयं मुनिम् ॥
नमोस्तुते व्यास विशालबुद्धे
फुल्लारविन्दायतपत्रनेत्र ।
येन त्वया भारततैलपूर्णः
प्रज्वालितो ज्ञानमयः प्रदीपः ॥



– स्वामी, कृष्णानन्द परमहंस

ब्रह्मचारी अवस्था २२ वर्ष उमेर हुँदाको

ॐ श्रीकृष्णपरमात्मने नमः

विशेष प्रकाशन सहयोगीहरु

श्री रणबहादुर शाह
सिद्धार्थनगर, रुपन्देही

श्री खडगमानसिंह (सूर्य बहादुर)
श्रीमती हरिमाया
थानकोट चेपपोष्ट, काठमाण्ढौं

पं श्री जान्हवी प्रसाद शुक्ला
सिद्धार्थनगर, रुपन्देही

श्री धनराज पोखरेल
श्रीमती रंजना पोखरेल
बुहारी सुनिता, बुटवल,रुपन्देही

मयजु कृष्णमाया
ठिमी, भक्तपुर

श्री महेन्द्र प्रसाद गौतम(प्राध्यापक)
श्रीमती रजनी गौतम
खिदिम, अर्घाखाँची

श्री विष्णु भक्त पोखरेल(अध्यापक)
श्रीमती रमा पोखरेल
पणेना, अर्घाखाँची

श्री चञ्चलमान सिंह
(सी.इ.)
थानकोट चेकपोष्ट, काठमाण्डौं

श्री भिमार्जन पोखरेल(अध्यापक)
श्रीमती वसन्ता पोखरेल, कांखमा छोरी
पणेना, खर्घाखाँची

ॐ श्रीकृष्णपरमात्मने नमः

श्रीकृष्णशिवसिद्धाश्रम पाणिनितपोभूमि

पणेना, पोखराथोक, अर्घाखाँची







श्री सिद्धेश्वरस्थान श्रीकृष्णमन्दिर श्री पाणिनि मन्दिर





पुराणमण्डप श्रीसिद्धेश्वर धर्मशाला





श्रीअन्नपूर्णा भगवती स्थान कृष्णानन्दकुटी

ॐ श्रीकृष्णपरमात्मने नमः

शीर्षक सूची

क्र.सं.	शीर्षक	पातो

१) वैदिक वाणी खण्ड १

२) आराधना खण्ड ७

३) विश्वधर्म खण्ड ११

४) विवरण खण्ड "क" १७

५) विवरण खण्ड "ख" ३७

६) विवरण खण्ड "ग" ४३

७) विवरण खण्ड "घ" ४९

८) विद्यार्थी खण्ड ५९

९) आध्यात्मिक जनजागृति खण्ड ६५

१०) आध्यात्मिक जनस्वास्थ्य खण्ड ७५

११) राजनीति खण्ड ८१

१२) श्री शिवशक्ति-आश्रम खण्ड ८५

१३) श्री कैलास-अश्रमक खण्ड ९९

ॐ श्रीकृष्णपरमात्मने नमः

वैदिक वाणी-खण्ड

उत्तिष्ठन्तु मानवाःसर्वे ये वैदिक धर्मपालकाः ।
प्राणीनामवरोधेन ब्रह्मकर्म समाचरेत् ॥

ॐ भद्रं कर्णोभिः श्रुणुयाम देवाः भद्रं पश्येमाक्षभिर्यजत्राः ।
स्थिरैरङ्गैस्तुहुवा ँ सस्तनूर्भिव्यशेम देवहितं यदायुः ॥
स्वस्तिन ईन्द्रो बृद्धश्रवाः स्वस्ति नः पूषा विशववेदाः ।
स्वस्ति नस्ताक्षों अरिंष्टनेमिः स्वस्ति नो वृहस्पतिर्दधातु ॥

ॐ श्रीकृष्णपरमात्मने नमः

प्रकाशकः- ब्रह्मचारी श्री कोशलेश्वर पन्थी

व्यवस्थापकः- खनगुफा र दुर्वासा-आश्रम, अर्घाखाँची

सह-व्यवस्थापकः- श्रीकैलास-आश्रम वाणगंगा-६, नन्दनगर कपिलवस्तु

प्रकाशन सहयोगीहरुः-

१) श्रीकेदारनाथ पोखरेल, झण्डा, कपिलवस्तु
२) श्रीमती झकुमारी पोखरेल, झण्डा, कपिलवस्तु
३) श्रीमोहन ज्ञवाली,(प्राध्यापक) झण्डा, कपिलवस्तु
४) श्रीमती हरिदेवी पोखरेल, " "
५) श्रीजयराम पोखरेल, " "
६) श्रीकमल प्रसाद पोखरेल, " "
७) श्रीडिलाराम घिमिरे, पटौटी, अर्घाखाँची

श्रीगणेश वैदिक स्तुति

ॐ गणानांत्वा गणपति ँ हवामहे
प्रियाणांत्वा प्रियपति ँ हवामहे
निधीनांत्वा निधिपति ँ हवामहे वसो मम ।
आहमजानि गर्भधमात्वमजासि गर्भधम् ॥

हे गणका पतिः प्रिय पदार्थका प्रदाता ऋद्धि सिद्धि एवं नवनिधिका अधिपति हामीले तपाईलाई आवाहन गर्छौं तपाईंको शक्ति स्रोतलाई हामीले धारण गर्न सकौं ।

नमो गणेभ्यो गणपतिभ्यश्च वो नमो
नमो व्रातेभ्यो व्रातपतिभ्यश्च वो नमो ।
नमो गृत्सेभ्यो गृत्सपतिभ्यश्च वो नमो
नमो विरूपेभ्यो विश्वरुपेभ्यश्च वो नमः ॥

हे जगपति गणेश भगवान् देव दानव र मानव आदिका प्रमुख गण र गणपति रुप, सामान्य तथा असामान्य एवं जडचेतन समूह रुप र समूह प्रमुख आदि अनेक रुप तपाईलाई धेरै धेरै नमस्कार छ ।

-शुक्ल यजुर्वेद :-
२३/१९,१६२२५

उत्तिष्ठ ब्रह्मणस्पते देवयन्तस्त्वेमहे

उप प्रयन्तु मरुत सुदानव इन्द्र प्राशूर्भवा सचार ।

हे सिद्धिदाता सत्य सङ्कल्प साथ तपाई प्रति प्रेरित भएका हामीलाई शोभा युक्त विशुद्ध वातावरण अनुकूलका साथै सबै किसिमका भोग्य पदार्थहरु अमृतमय बनाइदिनुहोस ।

प्रेतु ब्रह्मणस्पतिः प्रदेव्येतु सूनृता ।

अच्छावीरं नया पक्तिराधसं देवा यज्ञंनयन्तु नः।

हामी सिद्धिदाताको कृपापात्र बनौं । सबै देवताहरुलें दिव्य अर्जासम्पन्न पारी दिउन् । हाम्रो वाणीलाई श्री सरस्वती देवीले शुद्ध पारिदिउन् ।

निषु सीद गणपते गणेषु त्वामाहुर्विप्रतमं कवीनाम् ।

न ऋतेत्वत् क्रियते किं चनारे महार्मकं मघवञ्चिन्नमर्च ॥

हे गणपति तपाई आफ्ना भक्तगणप्रति खुशीहुनु होस । समस्त कविहरुमा ठुला श्री गणेशजी तपाईको कृपा दृष्टि विना कुनै पनि कार्य सिद्ध हुँदैन । त्यसैले यो श्रद्धा भक्ति युक्त पूजा इच्छानुसार फल दिनेहोस ।

ॐ श्रीकृष्णपरमात्मने नमः

नेपाली वैदिक विदुषी बाल ब्रह्मचारिणी गार्गी

राजा श्रीजनकको राजधानी विदेहनगरी जनकपुर वैदिक कालदेखि पौराणिक कालसम्म सनातन वैदिक धर्म, संस्कृति एवं सभ्यताको विद्या अध्ययन र अभ्यास गर्ने शिक्षा-दीक्षाको केन्द्र बनेको थियो । यहाँ बेला-बेलामा विश्वका विद्वान्हरु भेला भएर शास्त्रार्थ सभा गर्ने गर्दथे राजा जनक विद्वान्, धर्मानुरागी र सत्सङ्ग प्रेमी भएको हुँदा यज्ञगर्ने निहुले बेलाबेलामा देश-विदेशका त्यागी-तपसी विद्वानहरु भेलागरेर विद्वत सभा सञ्चालन गरिरहन्थे ।

विश्व विख्यात् शिक्षा, संस्कृति र कलाकेन्द्र यो मिथिला राज्यको शहर र गाउँ दुवै ठाउँ निवासी नर साथै नारीवर्ग पनि उच्च शिक्षा सम्पन्न भएको

प्रमाण बाल ब्रह्माचारिणी विदुषी गार्गी मजवुत छिन् ।

उनी आजको धनुषा जिल्लाको कुनै एक गाँउमा जन्मेकी हुन् । उनको बाबुको गाउँ वुचकु हो । उनी गर्गगोत्रको व्यक्ति भएको हुंदा छोरीलाई सबैले सानैदेखि गार्गी भनेर बोलाउने गरको हुंदा नाउँ अर्कै भएपनि गार्गी नामले नै प्रख्यात भइन् ।

गाउँको एक किसानको छोरी भएर जन्मेकी गार्गीले गाई-भैंसी चराउने, घाँस दाउरा काट्ने र ढिकी जाँतोको गरेर पनि त्यस बेलाको जनकपुर नगरको कुनै एक गुरुकूलमा पढेर आध्यात्मिक दर्शनमा स्नातक उपाधि प्राप्त गरेकी थिइन् ।

तिनीले खालि विद्यालयको पाठ्यपुस्तक अध्ययन गरेर उपाधि मात्र प्राप्त गरेकी होइन राम्रो संग अभ्यास समेत गरेर वास्तविक अनुभव पनि प्राप्त गरेकी थिइन् भन्ने कुरा शुक्लयजुर्वेदको माध्यनदीनीय शाखाका रचयिता ब्रह्मर्षि श्रीयाज्ञवल्वसित ब्रह्मवाद वारे गरेका प्रश्न र राजा जनकद्वारा आयोजित विशाल विद्वत् सभामा श्रीयाज्ञवल्यको विद्वन्ताको प्रशंसा गरे बाट स्पष्ट हुन्छ ।

राजा जनकले आफ्नो राजधानीमा विद्वानहरुको जमघट गर्ने विचारले एक यज्ञको आयोजना गरे । देश विदेशबाट धेरै विद्वानहरु आइपुगे । ती मध्ये ब्रह्मविद्यामा विशेष अनुभव भएको विद्वान पत्तालाउने सिंमा सुनको खोल राखिएको एक हजार गाई ठिक्क पारेर शास्त्रार्थमा सबैलाई जसले पराजित गर्छ उसैलाई यी गाईहरु दिएर पठाउने भनेर घोषणा गरे ।

सबैले राजाको घोषणा सुने तर कोही पनि शास्त्रार्थ गर्न पहिले अघि सरेन । किन भने गाईको लोभले अघि सर्‍यो भन्ला भनेर कोही बोलेनन् भने कोही चाहि शास्त्रार्थमा हारिएर वेइज्जत होइएला भनेर अघिसर्ने साहस गर्न सकेनन् । त्यत्रा विद्वानहरुमध्येबाट धेरै वेर हुंदा पनि कोही नबोलेको देखे पछि ब्रह्मर्षि श्रीयाज्ञवल्क्यले आफ्नो चेला एक ब्रह्मचारीलाई यी गाईहरु सबै हाम्रो

आश्रममा लैजाउ भन्दा राजा जनकको दर्वारमा हाम्रो कर्म गर्ने एक ब्राह्मणले याज्ञवल्क्य सित सोधे के तपाई सबभन्दा ठुलो ब्रह्माज्ञानी हुनु हुन्छ ? याज्ञवल्क्यले नम्र भएर म ब्रह्मज्ञानी होइन, मैले त ब्रह्मज्ञानीहरुलाई ढोग्ने गर्छु । मलाई खालि गाई चाहिएको छ । त्यसैले यी गाईहरु मैले लाँदैछु ।

यतिकैमा ती विद्वानहरु मध्ये एकाएक अघि सर्दै याज्ञवल्क्य सित शास्त्रार्थ गर्न सबैले आफ्ना तर्क पूर्ण प्रश्नहरु गरे । याज्ञवल्करले ती सबै विद्वानहरुको प्रश्नका उत्तर दिएर फेरि सोध्न नसक्ने पारे पछि ब्रह्मचारिणी गार्गीले जल, वायु, आकाश, अन्तरिक्ष, गन्धर्वलोक, सूर्यलोक, चन्द्रलोक, नक्षत्रलोक देवलोक र ब्रह्मलोक सम्मको प्रश्नहरुको सही उत्तर पाएर गार्गी चुप लागे पछि ती विद्वान मध्ये कुनैले याज्ञावल्वयसित फेरि प्रश्न गरेको सुनेर गार्गीले भनिन् हे विद्वान ब्राह्मणहरु तपाईहरुले आफ्नो विद्वात्ताको सम्झन चाहनु हुन्छ भने उहाँलाई नमस्कार मात्र गर्नुस् अरु उपाय लाग्दैन ।

अनि सबैले गार्गीको वचन स्वीकार गरे यसबारे विस्तृत रुपमा जान्न जिज्ञासुले आफैले वृहदारण्यकोपनिषद् ग्रन्थ खोजेर पढ्नु होला ।

गार्गी विद्यापाठ भवन शनिश्चरे, झापा

ॐ श्रीकृष्णपरमात्मने नमः

आराधना खण्ड

विशाल शब्द शास्त्रस्य विशुद्धपरियोजकम् ।
नमस्ते पाणिनिं सिद्धं सदा शंकर संन्निधम् ॥

पुजारी : श्रीदुर्गा प्रसाद पोखरेल
पाणिनि मन्दिर भित्र

ॐ श्रीकृष्णपरमात्मने नमः



प्रकाशकः- श्रीमहेश्वर प्रसाद चौधरी

श्रीमती सावित्रीदेवी चौधरी

सिद्धार्थनगर, रुपन्देही

प्रकाशन सहयोगीहरु :-

१) श्रीखगेन्द्र राज पोखरेल,	पणेना (भू.पू.जि.सभापति)	अर्घाखाँची
२) श्रीशालिग्राम भारद्राज,	पणेना,	अर्घाखाँची
३) श्रीनेत्रप्रसाद पोखरेल,	पणेना,	अर्घाखाँची
४) श्रीविष्णुभक्त पोखरेल,	पणेना,	अर्घाखाँची
५) श्रीचूडामणि पोखरेल,	"	" "
६) श्रीपुष्कर पोखरेल,	"	" "
७) श्रीयमलाल वेल्वासे,	पटौटी	" "
८) श्रीभिमार्जन घिमिरे,	"	" "
९) श्रीभिमार्जन पोखरेल,	पणेना	" "
१०) श्रीनारायण प्रसाद गौतम,	डाँडाकटेरी,	" "

ॐ श्रीकृष्णपरमात्मने नमः

देवदेव नमोस्तु ते

नमो भवाय भव्याय भावनायोद् भवाय च ।
अनन्त वलवीर्याय भूतानां पतये नमः ॥१॥
शक्तराय वृषांकाय गणानां पतये नमः ।
दण्डहस्ताय कालाय पाशहस्ताय वै नमः ॥२॥
भूतं भव्यं भविष्यं च स्थावरं जंगमं च यत् ।
वेदमन्त्रप्रधानाय शतजिह्वाय वै नमः ॥३॥
नमो दिग्वाससे नित्यं कृतांताय त्रिशुलिने ।
विकटाप करालाय वराल वदनाय च ॥४॥
अरुपाय सुरुपाय विश्वरुपाय ते नमः ।
कटकटाय रुद्राय स्वाहाकाराय वै नमः ॥५॥
सर्व प्रणत देहाय स्वयं च प्रणवात्मने ।
नित्यं निलानि खंडाय श्रीकण्ठाय नमो नमः ॥६॥
कामः कोधश्च लोमश्च मोहो दम्भ उपद्रवः ।
यानि चान्यानि भूतानि स्थावराण चराणि च ॥७॥
दह्यन्ति प्राणिनस्तेतु त्वत्समुत्थेन वन्हिना ।
अस्माकं दह्यमानानां त्राता भव सुरेश्वर ॥८॥
त्वं च लोकहितार्थाय भूतानि परिषिञ्चसि ।
महेश्वर महाभाग प्रभो शुभनिरीक्षक ॥९॥
आज्ञापय वयं नाथ कर्तारो वचनं तव ।
विश्वेश्वर महादेव योसि सोसि नमोस्तुते ॥१०॥
भूतकोटि सहस्रेषु रुपकोटि शतेषु च ।
अन्तं गन्तुं नशत्काः स्म देवदेव नमोस्तुते ॥११॥

:- लिंग पुराणवाट छानिएका केही श्लोकहरु

ॐ श्रीकृष्णपरमात्मने नमः

श्रीशिव पञ्चाक्षरस्तोत्रम्



-भगवान्, श्रीशङ्कराचार्य

नागेन्द्रहाराय त्रिलोचनाय भस्माङ्गरागाय महेश्वराय ।
नित्याय शुद्धाय दिगम्बराय तस्मै नकाराय नमः शिवाय ॥१॥
मन्दाकिनी-सलिल-चन्दन-चर्चिताय नन्दीश्वर-प्रमथनाथ-महेश्वराय ।
मन्दारपुष्प-बहुपुष्प-सुपूजिताय तस्मै मकाराय नमः शिवाय ॥२॥
शिवाय गौरीवदनाब्जवृन्द सूर्याय दक्षाऽध्वर-नाशकाय ।
श्रीनीलकण्ठाय वृषध्वजाय तस्मै शिकाराय नमः शिवाय ॥३॥
वशिष्ठ-कुम्भोद्भ-गौतमार्य मुनीन्द्र-देवाऽर्चित-शेखराय ।
चन्द्रार्क-वैश्वानर-लोचनाय तस्मै वकाराय नमः शिवाय ॥४॥
यज्ञस्वरूपाय जटाधराय पिनाकहस्ताय सनातनाय ।
दिव्याय देवाय दिगम्बराय तस्मै यकाराय नमः शिवाय ॥५॥
पञ्चाक्षरमिदं पुण्यं यः पठेच्छिवसन्निधौ ।
शिवलोकमवापोन्नति शिवेन सह मोदते ॥६॥

इतिश्रीमच्छङ्कराचार्य विरचितं

शिवपञ्चाक्षरस्तोत्रम्

सम्पूर्णम् ।

ॐ श्रीकृष्णपरमात्मने नमः

विश्व धर्म खण्ड



जेसस क्राइस्ट (इसामसीह)

विश्वानि देव सवितुर्दुरितानि परासुव यद् भद्रं तन्नासुव -वेदः

किरीटिनं गदिनं चक्रहस्त मिच्छामि त्वां द्रष्टुमहं तथैव ।
तेनैव रूपेण चतुर्भुजेन सहस्रवाहो भव विश्वमूर्ते ॥ -गीता

Teach me O Lord ! to fallow your decrees then if will keep them to the land fulfill your promise to your s.........

-Bilde

ॐ श्रीकृष्णपरमात्मने नमः



प्रकाशकः- श्री कमलमान सिंह श्रेष्ठ
श्रीमती सुशीला देवी श्रेष्ठ
सिद्धार्थनगर-७, रुपन्देही

प्रकाशन सहयोगीहरुः-

१. श्रीताराप्रसाद श्रेष्ठ, तीनगिरे पाल्पा
२. श्रीपद्म प्रसाद श्रेष्ठ, शनिश्चर झापा
३. श्रीसनत कुमार श्रेष्ठ, सिद्धार्थनगर, रुपन्देही
४. श्रीप्रेम नारायण श्रेष्ठ, सिद्धार्थनगर, रुपन्देही
५. श्रीरामबहादुर श्रेष्ठ, हेटौंडा, मकवानपुर
६. श्रीमङ्गल प्रसाद श्रेष्ठ, तानसेन पाल्पा
७. श्रीनिर्मल श्रेष्ठ, तानसेन पाल्पा
८. श्रीविजय श्रेष्ठ, दैलेख बजार
९. श्रीपुष्प श्रेष्ठ खोटाङ बजार
१०. श्रीभरतबहादुर श्रेष्ठ, तम्घास, गुल्मी

ॐ श्रीकृष्णपरमात्मने नमः

इसाई धर्मको समीक्षात्मक छोटकरीमा जानकारी

अब्राहमवंशी जोसेफका छोरा जेसस क्राइष्टले चलाएको धर्मलाई क्रिश्चियन (इसाई) धर्म भन्दछ । यो धर्म शुरुभएको २००० वर्ष भयो । यो धर्मको मूल सिद्धान्त संसारमा परस्पर प्रेमद्वारा शान्ति स्थापना गर्नु हो । धर्म-ग्रन्थको नाम **Holy Bible** गर्नु हो । यो ग्रन्थ दुई खण्डमा लेखिएको छ । **Old testament** र **New testament** ओल्ड टेष्ट मेन्टमा **Genesis** (सृष्टि)को कथा देखि **Malachi** इजरायल वासीलाई ईश्वरको दिव्य सन्देश सुनाउने व्यक्तिको कथासम्म जम्मा ३९ वटा पुस्तिकाहरुको संग्रह छन् । न्यू देष्टामेण्टमा जेसस क्राइष्टको वंशावली भएको मेथ्यु **Matthew** नामक पुस्तिका देखि क्राइष्टको प्रमुख अनुयायीहरु मध्ये एक **john** लाई श्रीपरमेश्वरको प्रकाश दर्शन भएको कथा भएको **Revelation** नामक सभा सम्मा २७ वटा पुस्तिकाहरुको संग्रह छन् ।

ओल्ड टेस्टामेण्टमा क्राइष्टका भन्दा पहिलेका कुराहरुको वर्णनछन् भने न्यु टेष्टामेण्टमा क्राइष्ट जन्मेपछिदेखिका वर्णन छन् । पहिले यो ग्रन्थको पहिलो खण्ड हिब्रु भाषामा र दोश्रो खण्ड ग्रीक भाषामा थियो । अहिले दुबै खण्ड अंग्रेजी भाषा अनुवाद भइसकेको हुँदा सबैले अंग्रेजीमा नै पढ्ने गर्छन् ।

हिन्दु धर्ममा शैव र वैष्णव, बौद्ध धर्ममा हीन यान र महायान, जैन धर्ममा श्वेताम्वर र दिगम्वर इश्लाम धर्ममा सिया र सुन्नी भन्ने सम्प्रदायहरु भएझैं यसमा पनि क्याथोलिक र प्रोटेष्टाण्ट दुई प्रमुख सम्प्रदाय साथै मूर्ति मान्ने र नमान्ने गरी हिन्दु र बौद्धधर्ममा जस्तै थुप्रै सम्प्रदायहरु छन् । जो एक सम्प्रदायको व्यक्ति अर्को सम्प्रदायको आश्रममा जाँदैनन् र क्याथोलिकादि कट्टर पन्थीहरुले ओल्ड टेष्टमेण्ट पढ्छन् भने प्रोटेस्टाण्ट सरल पन्थीहरुले न्यु टेष्टामेण्ट पढ्ने गर्छन् ।

बुद्ध मार्गीले बुद्ध जन्मनु भएको, बोधिज्ञान प्राप्त गर्नु भएको, निर्वाणहुनु भएको दिन वैशाख पूर्णिमालाई प्रमुख चाड माने झैं इसाईहरुले क्राइष्टको जन्मदिन, बलिदानको र पुनरुत्थान तीन दिन चाड मान्दछन । ती मध्ये २५

दिसेम्वरलाई क्राइष्टको जन्म दिन भएकोले ठुलो मान्दछन् ।

उपरोक्त चाडहरुमा हिन्दुहरुले दशैं, तिहारमा घर लिपपोत गरे भैं इसाईहरुले पनि घर, चर्च लिपपोत गरेर सिंगार्ने गर्छन् । अनि हिन्दुले तिहारमा भैलो खेल्ने, पिङ्ग खेल्ने र तिजमा नारीहरु ब्रत बस्ने गाउने नाच्ने गरे भैं २५ दिसेम्वरमा तरुनी तन्नेरीहरु राती घरघरै गएर गाउने, शुभकामना दिने गर्छन र सकेसम्म मिठा मिठा खानेकुरा पकाएर खाने नयाँ-नयाँ लुगालगाएर रमाइलो गर्न भेला हुने गर्छन ।

इसाई धर्म ग्रन्थ बाइबल लेखिएको अहिले १५०० वर्ष भयो भनेर ग्रन्थ परिचयमा लेखिएको छ ।

It took about 1500 years for the whole Bible to be written form genesis written at the time of Moses.

हाम्रो श्रीमद्भागवत महापुराण श्रीवेदव्यासज्यूले लेख्नु भएको ५००० वर्ष नाघिसक्यो । हाम्रो श्रीमद्भागवत इतिहाससित जोडिएको छ भने बाइबल कुनै इतिहाससित जोडिएको छैन । श्रीमदभागवत ५००० वर्ष अघि श्री कृष्णद्वैपायन वेदव्यासज्यूले सम्पादन गर्नु भएको भन्ने प्रमाणत अर्न्तराष्टिय कृष्ण भावना संघद्वारा अमेरिकाबाट प्रकाशित **Back to God Head** भन्ने मासिक पत्रिकामा पनि प्रकाशित भइसकेको छ । **Five thousand years ago the great sage Krsna Dvaipayana Vyasa composed this purana**

बाइबलको लेखकको अत्तोपतो छैन । जेभएपनि परमेश्वरीय वचनहरुले पूर्ण पवित्र ग्रन्थमा शत्रुलाई समेत प्रेम गर्नु पर्ने आदेश छ तर इसाई-इसाई मित्रहरुपनि विभिन्न सम्प्रदायमा विभाजित भई आपसमा लडभिड गर्ने गरेकाले तीनछक पर्नु परेको छ ।

Love your enemies. If you love who love you what eredit is that to you>

-Lu.........

क्राइष्टको उक्त वाक्यमा हाम्रो श्रीकृष्णकै शब्दहरु परेकाछन् समः शत्रौ च मित्रै च तथा मानापमानयो :

बाइबलको ओल्ड टेष्टामेण्टमा सृष्टिको कुरा देखिका विभिन्न कथाहरु

इतिहासहरु हाम्रो वेद, उपनिषद र पुराणहरु सित मिल्ने कुरा पनि छन् भने न्यू टेष्टामेण्टमा त श्रीमद्भागवत महापुराण र श्रीमद्भागवद्गीताकै नक्कल सारेको जस्तो मात्र छ ।

श्रीमद्भागवतका मूल पात्र श्रीकृष्ण श्रीवासुदेवका छोरा वासुदेव भए झैं बाइबल न्यू टेष्टामेण्टका मूल पात्र जोसेफका छोरा जेसस भएको छ ।

श्रीकृष्णका वाक्यको सामु क्राइष्टका वाक्यहरु मजबुत छैनन् कमजोर छन् । किन भने श्रीकृष्णले आफूलाई जगतका सबैको धाता विधाताको रुपमा प्रस्तुत गर्नु भएको छ भने क्राइष्टले आफूलाई परमेश्वरको पुत्रको रुपमा प्रस्तुत गरेछन् । त्यसमा पनि परमेश्वरको पुत्रमा हुनु पर्ने गुण कुनै प्रकट गर्न सकेका छैनन ।

श्रीकृष्णले गीतामा अर्जुनलाई, भागवतमा यशोदालाई, महाभारतमा कौरव सभालाई आफ्नो विराट रुप प्रकट गर्नु भएझैं क्राइष्टको कुनै प्रभाव प्रदर्शन गर्न नसकेको हुँदा शब्दले मात्र सान्त्वना दिएका छन् ।

श्रीकृष्णले अर्जुनलाई
पिताहमस्य जगतो माता धाता पिता महः
भन्नु भएको हुँदा अर्जुनको अनुरोध
द्रष्टुमिच्छामि ते रुपमैश्वरं पुरुषोत्तम
योगेश्वर ततो मेत्वं दर्शपात्मान मव्ययम्
बमोजिम श्रीकृष्णले
पश्यमे पार्थ रुपाणि शतशोऽथ सहस्रशः
नानाविधानि दिधानि नाना वर्णा कृतीनिच

भनेर आफ्नो विराटरुपको दर्शन दिनु भएको छ। तर बाइवलमा क्राइष्टको **I am son of God** भनेको हुँदा परीक्षार्थीले **If you are the son of god, tell these stones to become bread** भन्दा क्राइष्टको **It is written man dose not live on bread alone** भनेर मात्र जवाफ दिएकाछन् ।

Old Testament अन्तर्गत पर्ने भजनका केही पंतिहरु

Keep me safe, O God,
for in you I take refuge.
हे परमेश्वर मलाई रक्षा गर्नु होस
म हजुरकै शरण परेको छु १६/१
Hear, O Lord, my righteous plea;
listen to my cry.
हे प्रभु मेरो पुकारमा ध्यान दिनु होस
मेरो सत्य वचन सुन्नुहोस १७/१
To you, O Lord, I lift up my soul,
in you I trust, O my God.
Do not let me be put to shame.
हे मेरो परमेश्वर मैले तपाईकै भर परेको छु
मैले सर्माउन नपरोस २५/२
Vindicate me, O Lord,
for I Have led a blameless life;
I have trusted in the Lord
हे परम प्रभु मेरो न्याय नर्गुस् म मेरो इमान्दारीमा चलेको छु ।
मैले कत्तिपनि नधर्माराइकन प्रभुकै भर परेको छु २६/१
The Lord is my light and my salvation
Whom shall I fear ?
हे प्रभु मेरो जिवन ज्योति हजुर नै हुनुहुन्छ मैले कसको डर मान्नु ? मेरो जीवनको संरक्षक प्रभु नै हुनुहुन्छ भने कसको भय मान्नु । २७/२
God is our refuge and strength, an ever-present help in trouble. Teherefore we will not fear, though the earth give way. and the Mountains fall into the heart of the sea,
परमेश्वर हाम्रो शारणस्थान हुनु हुन्छ । सङ्करमा उहाँ हाम्रो सहायक हुनुहुन्छ ।
त्यसैले पृथ्वी थर्केर पर्वतहरु समुद्र भित्र डुबेपनि हामी कत्ति पनि डराउँदैनौ । ४६/१,२

ॐ श्रीकृष्णपरमात्मने नमः

विवरण खण्ड-"क"

सिद्धेश्वरं शिवं वन्दे पाणिनये वरप्रदम् ।
श्रेयं सदैव सिध्येर्थं शक्तर शरणागतः ॥



श्रीकृष्णशिवसिद्धाश्रम पाणिनितपो भूमिको प्राचीन सिद्धस्थानमा

दायाँबाट : १. श्री राम बहादुर मानव (प्रध्यापक)
२. श्री कोशलेश्वर ब्रह्मचारी
३. श्री डेमलाल भुसाल

प्रकाशिका :- **सुश्री मायादेवी श्रेष्ठ, (सांसद)**

नारायणगढ, चितवन

प्रकाशन सहयोगीहरु:-

१. श्रीमती लक्ष्मी श्रेष्ठ, हेटौंडा (प्रतिमा स्टुडियो)मकवानपुर
२. श्रीमती केशरी श्रेष्ठ, नारायणगढ, चितवन
३. श्रीमती वीणा श्रेष्ठ, तिनगिरे, पाल्पा
४. श्रीमती बसन्ता पोखरेल, पणेना, अर्घाखाँची
५. श्रीमती अम्विका पोखरेल, पणेना, आर्घाखाँची
६. श्रीमती रमा पोखरेल, पणेना, अर्घाखाँची
७. श्रीमती सारदा पोखरेल, पणेना, आर्घाखाँची
८. श्रीमती पूर्णलक्ष्मी श्रेष्ठ, शनिश्चरे, झापा
९. श्रीमती भद्रकला वराल, शनिश्चरे, झापा
१०. श्रीमती ध्रुवकुमारी बाँसकोटा, शनिश्चरे, झापा
११. श्रीमती लिलादेवी न्यौपाने, दिगाम, गुल्मी

श्रीलिङ्ग महापुराणको छोटकरीमा जानकारी

नेपाल अधिराज्यको गण्डकी अञ्चलको तनहुँ जिल्लाभित्र पर्ने पारकोट (दमौली)मा जन्मेर व्यास हिमालमा तपस्या गरेर कर्णाली अंचलमा बसेर पौराणिक साहित्य रचना कार्यको शुभारम्भ गर्नु भएका सिद्ध महर्षि, कृष्ण द्वैपायन श्रीवेदव्यासज्यूका जम्मा १८ महापुराणहरुमध्ये यो श्रीलिङ्गमहापुराण एक हो। यो आचार प्रधान शैवग्रन्थ हो। यसमा जम्मा ११ हजार श्लोकहरु छन्। यो ग्रन्थ क्रमसंख्यामा ७ औं गनिन्छ। यसको प्रवचन स्थल पनि सूत-शौनक सम्वाद रुपमा नैमिषारण्य क्षेत्र नै लेखिएको छ।

देवर्षि श्रीनारद मुनी श्री कैलाशादि विभिन्न तिर्थहरुमा भ्रमण गर्दै उक्त क्षेत्रमा पुग्नु भएको बेलामा उहाँकै सामु पौराणिकाचार्य श्रीसूतले श्रीशौनकादि तपसीहरुको अनुरोध बमोजिम श्रीमहादेव, श्रीब्रह्मा र भगवान् श्रीकृष्णका साथै आफ्नो गुरू श्रीवेदव्यासज्यूलाई समेत ढोगेर आरम्भ गरिएको पहिलो अध्यायमा अनुष्ठुप छन्दमा लेखिएका जम्मा १३ स्लोकहरुमा शब्दब्रह्मको संकेत गरिएको छ।

नारदोऽभ्यर्च्य शैलेशे शक्तरं सङ्गमेश्वरे।
शुक्रश्वरे यथान्यायं नैमिषं प्रययौ मुनिः॥
एतस्मिन्नेव काले तु सूतः पौराणिकः स्वयम्।
अस्याग्रतो मुनेः पुण्यं पुराणं व्याजहार सः॥
नमस्कृत्य महादेवं व्रह्मणं च जर्नाजनम्।
मुनीश्वरं तथा व्यासं वत्कुं लिङ्गमाराम्यहम्॥
शिवब्रह्मतनुं साक्षाच्छव्दब्रह्म प्रकाशकम्।

३९ श्लोकहरु भएको दोश्रो अध्यायमा अनन्त कोटी ब्रह्माण्ड रुपी लिङ्गको उत्पत्ति, स्थिति र लयको वर्णन छ।

कोटिकोटि युतान्यत्र चांडानि कथितानि तु।
सृष्टाः प्रधानेन तदालब्ध्वा शम्भोस्तु सन्निधम्॥
लयश्चैव तथान्य माद्यंत मिति कीर्तितम्।

६३ श्लोकहरु भएको तेश्रो अध्यायमा कालको परिमाण र ब्रह्माण्ड तथा ब्रह्माण्ड वासीको स्थिति वर्णन छ ।

अथ प्राथमिकस्येहायः कालस्तदहः स्मृतम् ।
सगर्स्य तादृशी रात्रिः प्राकृतस्य समासतः ।
दिवा वि कुरुते सृष्टिः रजन्यां प्रलयं विभुः ।
चत्वारितु सहस्राणि वत्सराणा कृतं द्विजा ।
एतद्विव्य महोरात्रमिति लिङ्गेत्र पस्यते ॥

अध्याय ४ र ५ मा श्री ब्रह्माजीद्वारा ऋषि, पितृ र देवादि श्रृष्टि वर्णन छन् ।

११६ श्लोकहरु भएको अध्याय छ मा अष्टाङ्ग योगबाट श्रीसदाशिवजी आराधना गर्ने विधि वर्णन छ ।

संषेपत प्रवक्ष्यामि योगस्थानि साम्प्रतम् ।
सर्वार्थज्ञानिष्पत्तिरात्मनो योग उच्यते ॥
ततःसत्वंस्थितो भूत्वा शिवध्यानं समभ्यसेत् ।
निर्मलं, निष्कलं ब्रह्मं सुशान्तं ज्ञानरुपिणाम् ॥

अध्याय ७ मा उपरोक्त योगको अभ्यास कालमा हुने विध्न र विध्न हटाउने उपाय छन् ।

अध्याय आठमा कल्याणकारी कार्य गर्दा शक्ति स्वतः प्राप्त हुने हुँदा श्री शिव-शक्ति भाव जगाउने वारे वर्णन छ । अध्याय ९ मा गायत्री उत्पत्ति, १० मा अघोरोत्पत्ति, ११ मा पञ्चब्रह्मात्मक स्तोत्र, १२ मा श्री भगवान् विष्णुको नाभीबाट ब्रह्मको उत्पत्ति १३ मा उद्रोपतिको वर्णन छन् । अध्याय १४ मा गायत्रीको महिमा छ ।

मोक्षे धर्मस्थार्थश्च कामश्चेति चतुष्टयम् ।
यस्माद्वेदाश्च वेद्यं च चतुर्धा वै भविष्यति ॥

उपरोक्त गायत्रीको दर्शन वेदमा वर्णित ध्यान योगको उपदेशार्थ १५औं अध्यायमा योगावतारको वर्णन छ ।

अध्याय १६ मा योगावतार श्रीशिवबाट उक्त ध्यानमा स्थित हुन पहिले

क्रमशः जल, भस्म र मन्त्रद्वारा स्नान गर्ने र त्यति गरेर पनि भाव शुद्धि नभए पवित्र बनिन्न भन्ने उपदेश छ। र अनि शुद्ध भावना रुपी जलले स्नान गर्नेको हृदय कमलमा ज्ञानरुपी श्रीसूर्य नारायणको उदय भएपछि मानिस पूर्णरुपले शुद्ध हुन्छ भन्ने वर्णन छ।

भावदुष्टोभसि स्नात्वा भस्मना च न शुद्ध्यति।
भावशुद्धश्च ह्रेच्छौच मन्यथा न समाचेरत्॥
नृणां हि चित्तकमलं प्रबुद्धमभवद् यदा।
प्रसुप्त तमसा ज्ञानभानो र्भासा तदा शुचिः॥

अध्याय १७ देखि १९ सम्म नित्यकर्म, लिङ्गर्चन र शिवार्चन विधि र तत्व संख्याको वर्णन छन्।

८३ श्लोकहरु भएको २०औं अध्यायमा सुदर्शन भन्ने एक व्यक्तिको व्याख्या र क्रम सन्यास वारे वर्णन छ।

विश्वमा विशुद्ध तथा वैज्ञानिक विधि विधानले परिपूर्ण वैदिक धर्ममा मानव जीवन शान्ति पूर्ण विताउनुका साथै परलोकमा सद्‌गति प्राप्त गर्ने उपायहरु समेत तर्क वादीको निम्ति तर्क पूर्ण, अन्य भक्तको निम्ति भक्ति पूर्ण र मुमुक्षुको निम्ति ज्ञानपूर्ण अर्ति, उपदेश, आदेश, आस्वासन र आर्शीवादका रुपमा छन्।

शुद्ध सात्विक जीवन व्यतित गर्ने व्यक्तिको आयु १०० वर्ष साधारण भएको हुँदा जीवनलाई ४ भागमा विभाजन गरेर क्रमशः विद्यार्थी, गृहस्थ, वानप्रस्थ र संन्यास जीवन विताउने व्यवस्थाको विधि पूर्वक वर्णन छन्।

आदौ वेदानधीत्वा वै श्रद्धया च गुरोः सदा।
विचारार्थ मुनेधर्मा प्रतिज्ञाय द्विजोत्तमाः॥
स्वधनं सकलं चैव ब्राह्मणेभ्यो विशंकया।
प्रणिपत्य गुरुं भूमौ विरक्तः सन्यसेद्यतिः॥
श्वेतेनैव जितो मृत्युं भवभक्तया महात्मना।
वोस्तु भक्तिर्महादेवे शक्तरे मरमात्मनि॥

अध्याय २२ देखि २२, २३, र २४ सम्ममा श्री शिवजाको आराधनाले

विभिन्न व्यक्तिहरुको मुक्ति र शिव ऋषिगणसम्वादमा भस्मस्नानको विधि वर्णन छन् ।

अध्याय २५ देखि २८ सम्म राजाक्षुप माथि दधीचिको विजय, दकीचि-विष्णु युद्ध, ब्रह्मालाई श्री शिवको वरदान र विष्णुद्वारा श्री शिवजीको महिमा वर्णन छन् ।

परमेशौं जगन्नाथः शङ्कर स्त्वेष सर्वगः ।
आवयो र खिलस्येशः शरणां च महेश्वरः ॥

अध्याय २९ र ३० मा सत्य, त्रेता, द्वापर र कलि चार युगहरुको स्थिति र परिमाणका वर्णन छन् ।

एषा रजस्तमोयुक्ता वृत्तिर्वे द्वापरे स्मृता ।
आद्ये कृते तु धर्मोस्ति स त्रेतायां पूर्ववर्तते ।
द्वापरे व्याकुलो भूत्वा पूर्णश्यति कलौ युगे ॥
शुद्राणां मन्त्रयोगे सम्बन्धो ब्राह्मण सहः ।
भवतीय कलो तस्मिञ्शयनासन भोजनैः ॥
युग स्वभावश्य तथा विभक्तै वै तदा प्रभुः ।
वर्णाश्रिम विभागस्य युगानियुग सिद्धयः ॥

अध्याय ३१ देखि ३३ सम्म शिलाद नामक ब्राह्मणको युगकामना तपस्याबाट खुशीभएर श्री गौरीशङ्करले नन्दिकेशर नाम पुत्र दिनु भएको र परब्रह्म कृष्ण वसुदेवको छोरा अवतारी कृष्ण भएर जन्मनु भए झैं स्वयं सदा शिवजीनै नन्दिकेशर भएर जन्मनु भएको र शिवजीको विशिष्ट रुपको वर्णन छ ।

गते पुष्ये च वरदे सहस्रधे शिलाशनः ।
अराधयन्महादेवं तपसारोषयद् भवान् ।
तमतस्यस्त तपसा प्रभुस्तुष्टाथ शङ्करः ॥
भूर्भुवः स्वर्गह्रश्चैव जनः साक्षात्तपस्तथा ।
सत्यलोकत्च पातालं नरकार्णवकोटयः ।
समृष्टिरुपः सर्वात्मा संस्थितः सर्वदा शिवः ॥

४९ श्लोकहरु भएको अध्याय ३४ मा सात द्वीपहरुको र त्यहाँको र

ाजाहरुको संक्षिप्तं वर्णन छ । अध्याय ३५ मा भारतवर्षको त्यस वेलाका राजा आग्तिध्र देखि भरत सम्मको संक्षिप्त वर्णन छ ।

६८ श्लोकहरु भएको अध्याय ३६मा ज्योतिष चक्र तथा श्रीसूर्यको गति वर्णन छ ।

ज्योतिर्गण प्रचारं वै संक्षिप्यतै ब्रवीम्यहम्
देवक्षेत्राणि चालोक्य ग्रह्चार प्रसिद्धये ॥

अध्याय ३७ देखि ४१ सम्म विभिन्न बाह्र महिनाहरुमा श्रीसूर्यको गति, श्री सोमरथको वर्णन, ज्योतिषचक्र भित्र पर्ने ग्रहहरुको वर्णन, सौर्य मण्डलको अभिषेक र श्री सूर्य रश्मिको वर्णन छन् ।

सौरं संक्षेपतो वक्ष्ये रथं शशिन एव च ।
सूर्योऽमरेष्व प्यमूत त्रयं त्रिषु नियच्छति ।
एवं रश्मि सहस्र तत्सौरलोकार्थ साधकम् ॥

अध्याय ४२ र ४३ मा विभिन्न ग्रहहरुको नाम, आकार प्रभाव र विशेषता वर्णनका साथै सम्पूर्ण ग्रहहरुको प्रमुख श्री सूर्यनारायणलाई मानिएको छ । ग्रहहरुको संख्या स्थिति र स्थान समेत वर्णन गरेर ती सबैका उत्पादक, व्यवस्थापक र सञ्चालक श्री महेश्वरलाई मानिएको छ ।

सूर्य एवं त्रिलोकेशो मूलं परमदेवतम् ।
ततः संजायते सर्व तत्रैव प्रविलीयते ॥
भार्नोगति विशेषेण चक्रवत्परिवर्तते ।
दिवाकरः स्मृत स्तस्मात्कालकृद्वि भुरीश्वरः ॥
इत्येषज्योतिषामेवं सन्निवेशार्थ निश्चयः ।
लोकसव्यवहारार्थ महादेवेन निर्मितः ॥

४२ श्लोकहरु भएको अध्याय ४४ मा श्री भगवान भक्तधुवको संक्षिप्त चरित्र चित्रणमा उपरोक्त सम्पूर्ण ग्रहहरुमध्ये उच्चस्थान प्राप्त गर्न समर्थ भएको भगवान श्रीकृष्णको द्वादशाक्षर मन्त्र जपद्वारा गरेको अनन्य भक्तिको प्रभाव हो र त्यस्तै भक्तिअरुले पनि गरे ध्रुवलोक पुग्न सकिन्छ भन्ने छ ।

आराध्य जगतामीशं केशवं क्लेशनाशनम् ।

नमोस्तु वासुदेवाय इत्येवं विजितेन्द्रियः ॥
ततः स परम ज्ञानमवाप्य पुरुषोत्तमम् ।
तुष्टाव प्राञ्जलिर्भुत्वा सर्वलोकेश्वरं हरि म् ॥
प्रसीद्ध देव देवेश ! शङ्खचक्रगदाघर !
लोकात्मन् वेदगुह्यात्म त्वां प्रपन्नोस्मि केशव ॥
तमाह प्रहसन्विष्णुरेहि वत्स ध्रुवो भवान् ।
स्थानं ध्रुवं समासाध्य ज्योतिषामग्रभुन्भव ॥
तस्माद् यो वासुदेवाय प्रणामं कुरुते नरः ।
स याति ध्रुवसालोक्यं ध्रवत्वं तत्तथा ॥

९५ श्लोकहरु भएको अध्याय ४५ मा ब्रह्म सृष्टि र ईश्वर सृष्टि सङ्कल्पबाट भएका थिएर त्यस पछि जीव सृष्टि प्रेचतादिदेखि पुलिङ्ग र स्त्रीको संयोगबाट सृष्टि विस्तारको वर्णन छ ।

सत्तल्पात् मनसात्स्पर्शात्पूर्वेषां सृष्टि रुच्यते ।
दक्षात्प्रचेतसादूर्ध्व सृष्टिर्मैथुनेन भवा ॥

अध्याय ४६, ४७, ४८ र ४९ श्री सूर्यवंशी ययातिवंश, ययाति चरित्र, ययातिको जेठो छोरो यदुवंशको र उनै यदुको वंशमा भगवान् श्रीकृष्णको अवतार जन्म वर्णन छन् ।

सा चैव प्रकृतिः साक्षत्सर्वदेव नमस्कृता ।
पुरुषो भगवान् कृष्णो धर्ममोक्षफलप्रदा ॥
चतुर्भुज विशालाक्षं श्री वत्सकृत लाञ्छनम् ।
शङ्खचक्रगदापद्म धारयतं जर्नादनम् ॥
यशोदायै प्रदत्वातु वुदेवश्य बुद्धिमान् ।
दत्वैन नन्दगोपस्य रक्षतामिति चाब्रवीत् ॥
पोडशस्त्रो सहस्राणि शतमेकं तथाधिकम् ।
कृष्णस्य तासु सर्वासु प्रिया ज्येष्ठा च रुक्मिणी ॥
स्वापभोग्यानि कन्यानां षोडशातुलविक्रमः ।
शताधिकानि जग्राह : सहस्राणि महाबलः ॥

शापव्याजेन विप्राणा मुपसंहृतवान् कुलम् ।
संकृत्य सकलं चैव प्रभासेऽसिष्टदच्युतः ॥
एवं संक्षेपत प्रोक्तः कृष्णस्पल्किष्ट कयर्णः ।
प्रभावो विलयश्चैव स्वेच्छ्या वै महात्मनः ॥
यः पठेच्छ्रुणुयाद्वापि ब्राह्मणां श्रावयेदपि ।
सयाति वैष्णवंलोकं नात्रकापी विचारणा ॥

३४६ श्लोकहरु भएको अध्याय ५० मा अव्यक्त रुप श्री सदाशिवको सत्य सङ्कल्पमा संसार सृष्टिको विस्तार पूर्वक वर्णन छ ।

महेश्वरो महादेवः सकृतेः पुरुषस्य च ।
परत्वे संस्थितो देवः परमात्मा मुनीश्वर ॥
अव्यक्तं चेश्वरात्तस्मादभवत्कारण मरम् ।
प्रधानं प्रकृतिश्चेति यदाहुस्तत्व चिन्तकाः ॥
अस्यात्मना सर्वमिदं व्याप्तं ....
सर्गकाले प्रधानास्य क्षेत्रज्ञाधिष्टितस्य वै ।
गुणभावाद्वयज्यमानो महाप्रादुर्बभूवहः ॥
धर्मादयः प्रथमजाः सर्वे ते ब्रह्मणः सुताः ।
भृगवादयस्तु ते सृष्टा नवैते ब्रह्मवादिनः ॥

अध्याय ५१ मा विभिन्न प्रकारका श्रीशिवा लिङ्गहरुको वर्णन छ ।

अध्याय ५२ मा श्रीसदाशिवको अव्यक्त एवं अद्वैत रुपको यथार्थज्ञान ध्यानले मात्र सम्भव हुन्छ अरुकुनै किसिमको तिर्थ, ब्रत, दान, यज्ञादिकर्मले हुँदैन भन्ने ठोकुवा गरेको छ । उपरोक्त कर्महरुसबै सामान्य साधन मात्र हुन् ।

तज्ज्ञानं निर्मलं निर्विकल्पे निराश्रयम् ।
गुरुप्रकाशकं ज्ञानमित्यमन्ये मुनयो द्विजाः ।
ज्ञानेनैव भवेन्मुक्तः प्रसादौ ज्ञानसिद्धये ।
उभाव्यां मुच्यते योगी यत्रानन्दभयो भवेत् ॥
तपयज्ञ सहस्रेभ्यो ध्यानयज्ञो विशिष्यते ।
ध्यानयज्ञात्परो नास्ति ध्यानं ज्ञानस्य साधनम् ॥

ॐ श्रीकृष्णपरमात्मने नमः

दोश्रो खण्ड

४३ श्लोकहरु भएको ५३ औं अध्यायमा श्रीसदाशिवको पुजा विधिअन्तर्गत श्रद्धा, भक्ति, विस्वास र भावना अनुसार सांसारिकफल वा दर्शन प्राप्त हुने वर्णन छ।

भावानुरुपफलदो भगवानिति कीर्तितः ।

अध्याय ५४ मा कालरुपी पशुपासोबाट फुत्कन इच्छ्रा गर्ने व्यक्तिले भोकाएकालाई अन्नदान गरे भुक्त हुन्छ भनिएको छ।

भूतानामन्न दानेन प्रीतिर्भवति शक्तरे ।
स एव सर्वमासेषु शिवलिङ्ग महाव्रतम् ॥

अध्याय ५५ मा श्री शिवपञ्चाक्षर मन्त्रको महिमा संक्षेप पर्णन छ।

सर्वव्रतेषु सम्पूज्य देवदेवमुमापतिम् ।
जत्पेत् पञ्चाक्षरं विद्यां विधिनैव द्विजोत्तमाः ॥
पञ्चाक्षरस्य महात्म्यं वर्षकोटि शतैरपि ।
नशक्य कथितुं देवि तस्मात्सेक्षेपतः .... ॥

१०९ श्लोकहरु भएको यो ४६ औं अध्यायमा कालकूट विषभन्दा अज्ञानपूर्ण सांसारिक विष महाविष हो। त्यो विष विनाश गर्न ज्ञानाग्निले मात्र संभव हुन्छ अरु कुनैले हुँदैन अनि त्यस्तो ज्ञान कहाँबाट कसरी प्रप्त गर्ने भन्ने प्रश्नको उत्तर मा तत्वदर्शी ज्ञानीहरुबाट ध्यान गर्ने तरिका सिक्नु पर्छ र उहाँहरुको अर्ति, उपदेश र आदेश बमोजिम साधनामा सम्लग्न हुनुपर्छ। त्यसो गरे संसारैमा र हेर पनि सांसारिक विषबाट विमुक्त भएर अमरत्व प्राप्त गर्ने सकिने कुराको वर्णन छ।

न विष कालकूटाख्यं संसारो विषमुच्यते ।
तस्मात्सर्व प्रयत्नेन संहरेत् सुदारुणम् ॥

क्रोधाग्नि र ज्ञानाग्नि दुई मध्ये क्रोधाग्निले विवेक र बुद्धि विनाश गर्छ,

भने ज्ञानाग्निले पाप र ताप नाश गर्दछ ।

क्रोधाग्नि र्नाशमायान्ति धर्माधर्मीश्च द्विजाः ।
ज्ञानाग्नि र्दहते क्षिप्रं सुष्केफनमिवानलः ॥
ज्ञानात्परतरं नास्ति सर्वपाप विनाशनम् ।
ज्ञानंयथा तथा ध्यानं तस्माद् ध्यानं समभ्यसेत् ॥

संसाररुपी सर्पको विषले छट्पटेको व्यक्तिलाई ध्यानबाट प्राप्त ज्ञानरुपी अमृतले बाहेक अरुकुनै उपायले विष झारेर शीतल र शान्ति पार्न सकिन्न ।

संसार विषमतानां ज्ञानध्यानामृतेन च वै ।
प्रतीकारः समाख्यातो नान्यथा द्विज सत्तयाः ॥
वैराग्यापि परंज्ञानं परमार्थ प्रकाशकम् ।

अध्याय ५७ मा उपरोक्त ध्यानबाट ज्ञान प्राप्त गर्न आवश्यक सदाचार को वर्णन छ ।

अत ऊर्ध्वं प्रवक्ष्यामि शैचाचारस्य लक्षणम् ।
यदनुष्ठाय शुद्धात्मा परेशे गति माप्न्नुयात् ।
सदाचाररता शान्तास् स्वधर्म परिपालकाः ।
सर्वाल्लोकां विनिर्जित्य ब्रह्मलोकं व्रजन्ति ते ॥

अध्यया ५८ मा मानिसको मन, वचन र शरिरबाट हुने पाप कर्मको प्रायश्चित गर्ने तरिका बताएको छ ।

अत ऊर्ध्वं प्रवक्ष्यायि यतीनामिह निश्चितम् ।
प्रायश्चितं शिवप्रोक्तं यतीनां पापनाशनम् ॥
चरेद्धि शुद्धः समलौषुकांचन समस्त भूतेषु चासत्समाहितः
स्थानं ध्रुवं शाश्वतमव्ययं तु परं हि गत्वा नपुनर्हिजायते ॥

अध्याय ५९ मा वाराणासीको महात्मा र श्रीविश्वनाथको पूजाविधि संक्षेपमा छ । श्रीविश्वाथको स्थापना रुपं श्रीशङ्करले स्थापना गर्नु भएको हो ।

वाराणसी मणुप्राप्य दर्शयांमास शक्तरः ।
अविमुक्तेश्वर लिङ्गवास तत्र चकाटर·सः ॥

अध्याय ६० मा अन्धक नामको दैत्यलाई गारामत्य पद प्राप्त भएको वर्णन छ र दुष्ट भाव त्यागेर श्रीशिवको शरण परे दैत्य पनि देव गणद्वारा पूजितहुन सक्छ भन्ने देखाएको छ ।

त्वयि भक्तिः प्रसीदेश यदि देवो वरश्य मे ।
श्रुत्वा भवोपि वचनं अन्धकस्य महात्मनः ॥
गाणपत्यं च दैत्याय प्रददौ चावरोप्यतम् ।
प्रणोमुस्त सुरेंद्राद्या गाणपत्ये प्रतिष्ठितम् ॥

अध्याय ६१ देखि ६८ सम्ममा क्रमशः जालन्धर बध, श्रीशिवको वामाङ्गवाट शिवाको उत्पत्ति, दक्षको यज्ञ विध्वंस, मदनदाह, उमास्वयम्वर, विन्नेश्वर उत्पत्ति, श्रीशिवजीको ताण्डव नृत्य, उपमन्यु चरित्र वर्णन छन् ।

६९ औं अध्याय सनातन श्रीवासुदेव स्वेच्छाले धरतीमा धर्म स्थापनाको निम्ति मानिसलाई यो अनित्य देहबाट नित्य सद् वस्तुको साधनामा सँधैं सम्लग्न हुनु पर्छ भन्ने शिक्षा आफू उपमन्युको चेलो बन्नु भएर श्रीशिवजीको आराधना गर्नु भएर देखाउनु भएको छ ।

स्वेच्छया ह्यवतीर्णोपि वासुदेवः सनातनः ।
.... मानुष्यं देहशुद्धि चकार सः ॥
योगिनां संप्रदानेन शिवः क्षिप्रं प्रसीदति ।
आत्म वित्तानुसारेण योगिनं पुजयेद् बुधः ॥
अधुवेण शरीरेण ध्रुवं साध्यं प्रयत्नतः ।
भव्यं पाशुपतं नित्यं संसारार्णवतारकम् ॥

अध्याय ७० मा त्यस्ता जगत हितैषी परब्रह्म श्रीकृष्ण के गर्दा खुशी हुनु हुन्छ , भन्ने प्रश्नको उत्तरमा आफ्नो कर्तव्य पालन गर्दै जुन वेला जहाँसुकै भएपनि समय र स्थानको कुनै अपेक्षा नगरी श्रीकृष्णलाई सम्झने गरे खुशी हुनु हुन्छ भन्ने छ ।

कृष्णस्तुष्यति केनेह सर्वदेवेश्चरेश्वरः ?
स्मरन्नारायणं देंव कृष्णमच्युतमव्ययम् ।

प्रत्येकमश्वमेधस्य यज्ञस्य सममुच्यते ।

प्राप्नोति विष्णुसायुज्यं सत्यतान्तुपाधिप ॥

अध्याय ७१ मा राजा अम्बरीषको प्रश्न देवर्षि मे श्रीनारदले श्री भगवान कृष्णलाई खुशी पार्ने गायन विद्या कहाँ कोबाट सिक्नु भएको ? भन्नेको उत्तरमा महर्षि श्रीमार्कण्डेयले भने श्री नारदजीले आफ्नै कठिन प्रयास रुपी तपस्याको सिक्नु भएको भनेर बताउनु भएको थियो ।

स्वयमाह महातेजा नारदोऽसौ महामतिः ।

सन्तव्य मानो भगवान् दिव्यं वर्ष सहस्रकम् ॥

श्रीगानविद्याको साधना स्थल मानसरोवरको नजिक थियो ।

मानसोत्तरशैले तु गानबन्धु जगाम वै ।

यसरी श्रीकृष्ण कीर्ति प्रचारक श्रीनारदजी गान विद्या वारिधि प्राप्त गर्नु भएको ।

देवर्षि र्देवसंकाशः सर्वाभरण भूषितः ।

तपसा विद्यरत्यन्तं वासुदेव परापणः॥

अध्याय ७२, ७३, ७४, ७५ र ७६ मा क्रमशः बैष्ण व लक्षण, अम्बरीष चरित्र, अलक्ष्मी र लक्ष्मीको उत्पत्ति र वास भगवान, श्री विष्णु अष्टाक्षर र द्वादशाक्षर मन्त्र र श्रीशिवषडाक्षर मन्त्र वारे विवरण छन् ।

अध्याय ७७ मा सृष्टिकर्ता श्री ब्रह्माजी देखि सबै प्राणीहरु माया रुपी पासोले बाँधिएका र उक्त पासोबाट मुक्त गरिदिने श्रीसदाशिवजी हुनु भएको हुँदा उहाँ श्रीपशुपति नामले विख्यात हुनु भएको वर्णन छ ।

पशवः परिकीर्त्य ते संसारवशवर्तिनः ।

तेषां पतित्वाद् भगवान् रुद्रः पशुपति स्मृतः ।

अध्याय ७८ नित्य, शुद्ध श्रीसदाशिवजीको संकल्प वाटै उत्पन्न बुद्धि र अंहकारद्वारा जीव बन्धनमा पर्ने कुरो छ । अन्तर्यामीति देहेषु प्रसिद्धस्य स्वयंभुवः ।

इन्द्रियाणि दशै कञ्चतन्मात्राणि च शासनात् ॥

अंहकाराति प्रसूतः शिवस्य परमेष्टिनः ।

७९ औं अध्यायमा श्री उमा-महेश्वरका मुख्य विभूतिहरुको वर्णन छ।

सर्वाकारौं स्थितावेतौं नरैः श्रेयोर्थिभिः शिवौ ।
पूजनीयौ नमस्कार्यौं चिन्तनीयौ च सर्वदा ॥

अध्याय ८० मा अव्यक्त रुप श्रीशिवबाट व्यक्त जगत उत्पत्ति वर्णन छ।

भूरापग्निर्मरुद् व्योमभास्करो दीक्षितः शशी ।
भवस्य मूर्तयः प्रोक्ता शिवस्य परमेष्टिनः ॥
यजमानाहव्या मूर्तिः शिवस्य शिवदायिनः ।
मूर्तयोष्ठौ शिवस्यैता वन्दनीयाः प्रयत्नतः ॥

अध्याय ८१ देखि ८५ सम्म श्रीसदाशिवजीका भिन्न भिन्न रुप, गुण, कार्य तथा सर्व तत्वात्मक रुप एवं उहाँको विग्रहबाट विश्वोत्पती वर्णन छन्।

चराचराणां ध्राता विश्वंभरात्मकः ।
शर्व ईष्युच्यते देवः सर्वशास्त्रार्थपारगैः ॥

अध्याय ८६ देखि ८९ सम्म ब्रह्मादि देवताहरुद्वारा उपरोक्त सर्वात्मा श्रीशिवको स्तुति, उमा महेशको पूजाविधि, पूजाको निम्ति अधिकारी र तान्त्रिक विधि अनुसार शिवदीक्षा विधि छन्।

भूतं भव्यं भविष्यंश्च वर्तमानं महेश्वरः ।
विश्वं कृत्स्नं जगर्त्सव सत्यंतस्मै नमोनमः ॥
परं प्राणपरित्यागश्छेदनं शिरसोपि वा ।
नत्वनभ्यर्च्य भुजोयाद् भगवतं सदाशिवं ॥
एवं संक्षेपतः प्रोक्तो पदाधिकारिविधिक्रमः ।
शिवार्चनार्थ धर्मकामार्थ मोक्षफल प्रदः ॥

अध्याय ९० मा सौर-स्नान विधिवर्णन तथा महिमा वर्णन छ।

स्नात्वा सर्वेः स्मरन् भानुमभिषेकसमाचरेत् ।
शिवपूजां ततः कुर्याद् धर्मकामार्थ सिद्धये ॥

या सकृद्वायजेद्देवं सदाशिवं जगद्गुरुम् ।
भास्करं परमात्मानं स याति परमां गतिम् ॥
पाप सर्वैः विनिर्मुत्कः सर्वपाप विवर्जितः ॥
सर्वैश्वर्य समोतेतस्तेजमा प्रियमश्च सः ॥

अध्याय ९१ मा मन्त्र विज्ञान तथा मूर्ति विज्ञानबमोजिम पूजागर्ने वर्णन छ ।

अथते संप्रवक्ष्यामि शिवार्चनमनुतमम् ।
विज्ञानेन तनुः कृत्वा ब्रह्मग्निरपियत्नमः ॥
ॐ ईशानः सर्वविधानां हृदयानि शक्ति वीजाय नमः
पूर्णाहुति विद्यानेन ज्ञानिनां शिवशासने ।
शिवं ब्रह्मगतं ध्यायेत् तिजो मात्रं च शाक्तरम्॥

अध्याय ९२ मा तन्त्रोत्क शिर्वाचन विधि वर्णन छ ।

शिवशास्त्रोक्त मार्गेण शिवेन कथितं पुरा ।
यां याशियन्तयते कामां स्तांस्तान्प्राप्नोति मानवाः ॥

१०८ श्लोकहरु भएको ९३औं अध्यायमा लौकिकाग्नि, शिवाग्नि र ज्ञानाग्नि यी तीन किसिमका अग्निहरुको वर्णन गर्दै अन्त्यमा ज्ञानग्निमा सबै होम्ने आदेश दिएको छ ।

शिवाग्निकार्य वक्ष्मामि शिवेन परिभाषितम् ।
शिवाग्निरित विप्रेन्द्रः जिह्वामात्रेण सिध्यति ।
शिवाग्नि जनयित्वैव सर्वकार्याणि कारयेत् ॥
हृदिस्थं चिन्तयेत् अग्निं ध्यान यज्ञेन होमयेत् ।
हेदस्थं सर्व भूतानां शिवं सर्वजगत्पतिम् ॥
तं ज्ञात्वा होमयेद् भक्त्या प्राणायामेन नित्यशः ।
बाह्यहोम प्रदातां तु पाषाणे दुर्दुरो भवेत् ॥

अध्याय ९४ देखि १०० सम्म अघोर विधान बमोजिम शिवार्चन वर्णन छ ।

१२३ श्लोकहरु भएको अध्याय १०१ मा श्री महर्षि वशिष्ठको नाति, श्रीभक्तिको छोरा, श्रीकृष्णद्वैपायन वेदव्यासज्यूका बाबु ६००० हजार श्लोकहरु छः यै खंड भएको वैष्णव पुराणका रचयिता महर्षि श्री पराशरजीको जन्म, कर्म, भक्ति, शक्ति र प्रभाव समेतको विस्तृत वर्णन छ ।

अथ तस्य पुलस्त्यस्य वशिष्ठस्य च धीमतः ।
प्रसादाद्वैष्णव चक्रः पुराणं वै पराशरः ॥
षट्प्रकारः समस्तर्थिसाधक ज्ञानसञ्चयम् ।
षट्साहस संख्याकं वेदार्थेन च संयुतम् ॥
चतुर्थं हि पुराणानां संहितासु सुशोभनम् ।
एष वः कथितः सर्वा बासिष्ठानां समासतः ॥

अध्याय १०२, १०३, र १०४ मा क्रमशः त्रिपुर निवासी दैत्य माथि देवताद्वारा दमनशुरु श्रीमहादेवद्वारा त्रिपुरको विध्वंस र श्रीशिवलिङ्ग पुजाको विधि र फल वर्णन छन् ।

उक्त तीन अध्यायहरुको सारांश सदाचारद्वारा सुखसुविधा र शान्तिप्राप्त हुन्छ भने अनाचारद्वारा दुःख, दर्दका साथै भरपुर वैभव वंश भएपनि विनाश हुन्छ भन्ने हो ।

त्यकत्वा देवं महादेवं मायया च हरेः प्रभोः ।
सर्वे बिनष्टाः प्रध्वस्ताः त्रिपुरैः पुरवभवैः ॥
तस्मात् सदा पूजनीयो लिङ्गमूर्तिः सदाशिवः ।
यावत्पूजां सुरशानां तावदेव स्थितिर्यतः ॥
सर्वैलिङ्ग मयोलोकः सर्व लिङ्गे प्रतिष्ठितम् ।
तस्मात् संयुजयेत् लिङ्गं य इच्छेत् सिद्धिमात्मनः ।
सर्वे लिङ्गार्चाना देव देव, दैत्याश्च मानवा : ॥

अध्याय १०५ र १०६ मा वज्रवाहिनी विद्या र वज्रेश्वरी विद्याको तान्त्रिक विधि विधानको वर्णन छन् । जो आध्यात्मिक क्षेत्रमा निम्न स्तरको क्रिया कलापमा गिन्ति हुन्छ ।

वज्रवाहनिका नाम सर्वशत्रु भयंकरी ।
अनया सेचयेद्वज्रं नृपाणां साधयेत्तथा ॥
जयेद् वा केवलां विद्यां संयुज्य च विद्यानतः ।
सर्वसिद्धि मवाप्नोति नात्र कार्या विचारणा ॥

अध्याय १०७ मा मृत्युमाथि विजय प्राप्त गर्ने मृत्युञ्जय महामन्त्रबारे विधि विधानको वर्णन छ ।

मृत्युञ्जयविधि वक्ष्ये बहुना किं द्विजोत्तमाः ।
रुद्राध्यायेन विधिना घृतने नियुतं क्रमात् ॥
कथितं मेरुशिखरे स्कन्दायमिततेजसे ।
स्कन्देन देवदेवेन ब्रह्मपुत्राय धीमते ॥
देवं संम्पूज्य विधिना जपेन्मत्रं त्रियंबकम् ।
मुच्यते सर्वपापैश्च सप्रजन्म कृतैरजि ॥
एवं मन्त्रविधि ज्ञात्वा शिवलिङ्गे समर्चयेत् ।
तस्य पापक्षयोतीव योगिनो मृत्यु निग्रहः ॥

अध्याय १०८ मा स्वास्थ्य शिक्षा साथै दान र अहिंसा ब्रतको समेत उपदेश दिएको छ ।

वस्त्रपूतेन तोयेन कार्य चैवोपलेपनम् ।
शिवक्षेत्रे मुनिश्रेष्ठा नान्यथा सिद्धिरिष्यते ॥
जन्तुभिमिश्रिता ह्ययः सूक्ष्मामिस्तान्निहन्त्यतु ।
यत्यापं सकल चाद्भिरपूताभिश्चिरं लभेत् ॥
तस्मात्सर्वप्रयत्नेन वस्त्रपूतं समाचरेत् ।
तद् दानंमभयं पुण्यं सर्वदानोत्तमम् ॥

आज हाम्रो समाजमा नारीले पनि पुरुष सरह बराबर अधिकार पाउनु पर्छ भन्ने स्वर राजधानी देखि सम्पूर्ण जिल्लाका डाँडा-पाखा घन्किन थालेको छ । यो कुरा आफ्नो धर्म, संस्कृति, सभ्यता, साहित्य र कानूनको केही ज्ञान नभएकोले भन्ने कुरा हो । हाम्रो वैदिक देखि पौराणिक सम्मका साहित्यहरुले

पुरुषलाई भन्दा नारीलाई माथिल्लो तह तथा अघिल्लो पक्तिमा राखेर वर्णन गरिएका हजारौं आख्यान-उपाख्यानहरु प्रस्तुत छन्। तिनको अध्ययन र अभ्यासबाट विभुख भएकोले अनुभव शून्य अलाप-विलाप गर्नु परेको ।

हामी वैदिक धर्मालम्वीहौं । यो धर्म विश्वधर्मको जन्मदाता हो । मानव सभ्यताको पहिलो ग्रन्थ वेद हो । वेदलाई माताकोसंज्ञा दिएको छ । वेदपछि उपनिषद हो रामायण र महाभारता महाकाव्यमा उच्च आध्यात्मिक अर्ति-उपदेश भागलाई गीता भने झैं वेदको पनि उच्च आध्यात्मिक तत्व भागलाई उपनिषद भन्दछ । देव्यूपनिषद्र, सरस्वति रसहस्योपनिषद्, सोभाग्य लक्ष्म्यौ पनिषद् आदि नारी प्रधान छन्। त्यस्तै उपनिषद् पछि पुराणहरु श्रीमद्देवीभागवत, महापुराण, मार्कण्डेय, पुराण र स्कन्ध पुराण आदि पनि नारी प्रधान ग्रन्थ हुन्। ब्रह्मा, विष्णु, महेश, ईन्द्रादि सबैको चार बाहुको मात्र वर्णन छन्। श्री भगवती जगदम्बाको आठ देखि अठार बाहु सम्मका वर्णनछन्। र उपरोक्त देवताहरुको पहिलो पक्तिमा पनि नारीहरु पहिलो स्थान स्थाइ बनाएका छन् । लक्ष्मी-नारायण, गौरी-शङ्कर, राधे-श्याम, सीता-राम आदि । कहीं धार्मिक कार्य गरेको ठाउँमा कन्याहरुलाई पुजा गरेर गोडाको पानी खाएर ढोग्ने र दक्षिणा दिने गर्छन् तर कुमार केटाहरुलाई कसैले ढोग्दैनन् । हाम्री कानूनमा पुरुषले नारीमाथि अपराध गरे सजाय गर्ने बुँदा छन् तर नारीले नरमाथि वलात्कार गरे सजाय गर्ने कानूनी वूँदा छैन । अनि आफू जन्मेको देशलाई पितृ-भूमि नभनेर मातृ-भूमि चलन छ ।

यसरी हाम्रो धर्म, संस्कृति, सभ्यता, साहित्य र कानूनले समेत नारी समूहको मात्र एकोहोरो पक्ष लिएको देख्दा देख्दै पनि पुरुष सरह नारीलाई पनि बराबर अधिकार चाहियो भनेर चिच्याउँदा लाजै मर्नु भएन र ।

अझ यो लिङ्ग पुराणमा त नारीले जस्तै अपराध गरे पनि क्षमा दिनु पर्ने कुरा यो लेखिएको छ त ।

न हन्तव्याः सदापूज्याः पापकर्मरता अपि ।
पवित्रास्तु स्त्रियः सर्वे अत्रैश्च कुलसंभवाः ॥

त्यसैले अव राजनैतिक क्षेत्रका प्रगतिशीलवादीले सम्विधानसंशोधनको वारे स्वर घन्काए जस्तै समाजका पुरुष समूहले पनि धर्म शास्त्र र कानूनको बूँदा बदल्नु पर्ने प्रस्ताव ल्याउन बेर छैन । यो अन्तिम १०९ औं अध्यायमा संक्षिप्त रुपले योगमार्ग र कथा श्रवणको महिमा वर्णन छन् ।

भक्तले श्रीभगवानसित सम्बन्ध स्थापना गर्ने प्रकृयालाई योग भन्दछ । यहाँ योगलाई क्रमशः पाँच श्रेणीमा विभाजन गरी वर्णन गरिएको छ। मन्त्रयोग, स्पर्शयोग, भावयोग, अभाव योग र महायोग ।

प्रथमो मन्त्रयोगश्च स्पर्शयोग द्वितीयकः ।
भावयोग स्तृतीयः स्याद्भावश्च चर्तुथकः ॥
सर्वोत्तमो महायोगः पञ्चमः परिकीर्तितः ।
ज्ञानं च मोक्षदं दिव्यं मुच्यते येन जन्तवः ॥

जुन रुपको जप गरिन्छ उही रुपमा मन, बुद्धि र चित्त स्थिर नभए मन्त्र जेपको केही फलिफाप हूँदैन त्यसैले मन, बुद्धि र चित्तलाई आफ्नो इष्ट रुपमा केन्द्रित गरेर जुन जपको अभ्यास गरिन्छ त्यसलाई यन्त्र योग भनिन्छ ।

ध्यानयुत्को जपाभ्यासो मन्त्रयोगः प्रकीर्तितः ।

पूरक, कुम्भक र रेचकादि प्राणामद्वारा गरिने अभ्यासलाई स्पर्श योग भन्दछ ।

धारणात्रयसंदीत्पो भेदत्रय विशोधकः ।
कुम्भकावस्थितोभ्यासः स्पर्शयोगः प्रकीर्तितः ॥

मन्त्ररोग र स्फर्शयोग दुबैको श्रेणी पारगरेर केवलध्येय रुपमा स्थिर हुनुलाई भावयोग भन्दछ ।

बहिरन्तर्विभागस्थ स्फुरत्संहरणात्मकः ।
भावयोगः समाख्याताश्चित्त शुद्धि प्रदायकः ॥

मन, बुद्धि र चित्त ध्येयवस्तुमा विलीन भएर जब सविकल्प समाधिशुरु हुन्छ त्यसलाई अभाव योग भन्दछ ।

शून्यसर्व निराभासं स्वरुपं यत्र चिन्त्यते ।

अभावयोगः संप्रोक्तश्चित्त निर्वाण कारकः ॥

जो शुद्ध, सुशोभित, स्वच्छन्द, सदा प्रकाशमान, अद्वितीय एवं आफै जानिने भएर पनि वेदादि कुनै शास्त्रले समेत पूर्णारुपमा वर्णन गर्न असमर्थ रुपमा स्वतः स्थित हुनुलाई महायोग भन्दछ।

निरुपः केवलः शुद्धः स्वच्छन्दंच सुशोभनः ।
अनिर्देश्यः सदालोकः स्वयंवेद्यः समन्ततः ।
स्वभावो मासते यत्र महायोगः प्रकीर्तितः ॥

यो ग्रन्थमा वर्णित ज्ञान-विज्ञान सबै वर्ग, वर्ण जाति, आश्रम र लिङ्गको समेत कुनै भेद नगरी शुद्ध हृदय भएको श्रद्धालु सज्जन जुनसुकैलाई पनि बताउँदा, सिकाउँदा अभ्यास गराँउदा दुवैको कल्याण हुने छ।

अत्याश्रमिदंज्ञेय मुक्तये केन लभ्यते ।
तस्मादिष्टैः समाचारैः शिर्वाचरतैः प्रिये ॥

अब पुराण प्रणेता सूतजीले शौनकादि सबै तपसी ऋषिहरुका साथै श्रीसदाशिव एवं आफ्नो गुरु श्रीदेवव्यासजीलाई समेत नमस्कार गरी ग्रन्थ श्रवणको फल बताएर विसर्जन गर्नु भयो ।

कृतकृत्योस्मि विप्रेभ्यो नमो यज्ञेभ्य एव च ।
नमः शिवाय शान्ताय व्यासाय मुनये नमः ॥
व्रह्मा स्वयंमूर्भगवानिदं वचनमब्रवीत् ।
लिंगमाधन्तमखिलं यः पठेच्छुणुद्यादपि ।
द्विजेभ्यः श्रावयेद्वापि स याति परमां गतिम् ॥

अन्त्यमा देवर्षि श्री नारदजीले सूतलाई आशीर्वाद र श्रीसदाशिवलाई नमस्कार गर्नु भयो ।

स्वस्त्यस्तु सूतः भद्रं ते महादेवे बृषध्वजे ।
श्रद्धातवास्तु चास्माकं नमस्तस्मै शिवाय ॥

ॐ श्रीकृष्णपरमात्मने नमः

विवरण खण्ड-ख

कृष्ण मुरारी प्रभु घनश्याम
ब्रह्म सनातन कोटी प्रणाम ।

पुजारी, श्रीचूडामणि पोखरेल श्रीकृष्ण मन्दिरमा पुजा गर्नुहुँदै

प्रकाशिका:- श्रीमती दुर्गादेवी खत्री

मुजुङ,-पाल्पा

प्रकाशन सहयोगीहरु:-

१. श्रीमती राधा देवी पौडेल, गरामनी, झापा
२. श्रमती राधा देवी खनाल, अनारमनी, झापा
३. श्रीमती राधा देवी भुसाल, वाङला, अर्घाखाँची
४. श्रीमती राधा देवी पाण्डे; चौवाहा, अर्घाखाँची
५. श्रीमती राधा देवी घिमिरे, पटौटी, अर्घाखाँची
६. श्रीमती राधा देवी सञ्जेल, लामभञ्जाङ्ग, मकवानपुर
६. श्रीमती पार्वता अधिकारी, मथुरा, अर्घाखाँची
७. श्रीमती विष्णुमाया पौडेल, गरामनी, झापा
८. श्रीगणेश प्रसाद घिमिरे, वडागाँउ, गुल्मी
९. श्रीटीकाराम गौतम, मल्म, बाग्लुङ्ग
१०. श्रीअनिल पोखेल, बेलझुण्डी, दाङ

श्रीलिङ्गमहापुराणमा शिवलिङ्गको परिभाषा तथा श्री शिवजीको पशुपति नामको वास्तविक अर्थ

हामी, पृथ्वीग्रह निवासी अनगिन्ति सजीव प्राणीहरुमध्ये चेतनशील मानव हौं । हामी र अरु सजीव प्राणीहरु पशु, पंछी, किरा फट्याँग्रा आदि सवै यही पृथ्वीमा जन्मेका हौं, यहीं बाँचेर हिंड्डुल गरि रहेका छौं र अन्त्यमा यहीं बिलाउँछौं संजीव मध्ये रुख, झार, पात र लहराहरु पनि पर्छन् । ती पनि यहीं उम्रेका हुन् यहीं हुर्कने बढ्ने फुल्ने र फल्ने गर्दछन् । अनि अन्तमा तिनीहरुपनि यही पृथ्वीमानै बिलाउँछन् । यी सबैलाई धारण गर्नुका साथै पोषणको निम्ति आवश्यक रस तत्व पनि प्रदान गर्ने भएकोले यो पृथ्वीलाई धरती र रसा पनि भनिन्छ ।

यो पृथ्वीको आकार गोल भएकोले यसलाई भूगोल भनेको हो । खम् भनेको आकाश हो । यो पृथ्वीबाट बाहिर आकाशमा पनि यस्तै गोलाकार भएका अनगिन्ति ग्रहहरु छन् । ती सबैको सामूहिक नाम खगोल हो । अनि भूगोल र खगोलको संयुक्त नाम ब्रह्माण्ड हो । अव्यक्त ब्रह्मबाट अण्डाकारको रुपमा उत्पन्न भएको हुँदा ब्रह्माण्ड भनिएको हो ।

पृथ्वीमा अनगिन्ति प्राणीहरु उत्पत्ति, स्थिति र विलिन भए जस्तै ब्रह्माण्डमा पनि अनगिन्ति ग्रहहरु उत्पत्ति र विनष्ट भइरहन्छन् । त्यस्तै अव्यक्त पर ब्रह्मबाट अनगिन्ति ब्रह्माण्डहरु उत्पन्न भएर उनैमा विलीन हुने गर्दछन् । सबैको कल्याण कारक भएकोले उनैको नाम शिव र यहाँबाट विलिन वस्तुहरुको गन्तव्य स्थान भएकोले "शिव लिङ्ग" नाम भएको हो ।

उपरोक्त कुराको यथार्थज्ञान साधारण मानव मस्तिष्कबाट सम्भव नभएको हुँदा विभिन्न पौराणिक ग्रन्थहरुको रचना गरी संझाउने प्रयास गरिएका छन्। ती मध्ये यो श्रीलिङ्ग महापुराणमा संक्षेपमा मात्र वर्णनछ ।

काँक्रो, करेला, फर्सी, धान, मकै र गहुँ आदि बीजहरुमा बिरुवा अदृश्य रुपमा रहेझैं दृष्य जगत्का सम्पूर्ण पदार्थहरु अव्यक्त ब्रह्म(शिव)मा अदृश्य र

अव्यक्त रुपमा छन् र उनै श्रीसदाशिवको सत्य सङ्कल्पमा संसार सृष्टि हुन्छ।

शब्दब्रह्मतनुं साक्षाच्छब्दंब्रह्म प्रकाशकम्।
वर्णाविय अव्यक्तलक्षण बहुधा स्थितम्॥
यथा यत्कथितांश्चैव तस्माद् ब्रह्मा स्वयं जगत्।
अलिंगो भगवान् बीजी स एवं परमेश्वर :॥
परमात्मा मुनिर्ब्रह्म नित्यबुद्ध स्वभावतः।
विशुद्धोयं तथा रुद्रः पुराणो शिव उच्यते॥

काँक्रो, करेला आदि बीजबाट बीरुवा बनेर फलेका प्रत्येक फलहरुमा बीजभित्र विरुवा लहरा, पात, फूल र फलहरु अदृश्य रुपले भएझैं अव्यक्त शिवरुप ब्रह्मबाट विस्तारित प्रत्येक ब्रह्माण्डमा विभिन्न लोकालोक र लोक वासीहरु पनि छन्।

महता शब्दहेते तं प्रधाने नावृतः स्वयं।
सप्तांडा वरणान्याहु स्तस्यात्मा कमलासनः॥
कोटिकोटि युतान्यत्र चांडानि कथितानि तु।
तत्रतत्र चतुर्बक्रः ब्रह्मणो हरयो भवाः॥

संसारका समस्त प्राणीहरु काम, क्रोध, लोभ, मोह, ईर्ष्या, द्वेष रुपी पाशोले पशु समान भई बाँधिएका छन्।

त्यसमाथि अर्को कालरुपी बलियो पाशोले कहित्यै फुत्कन नसक्ने गरी बाँधिएका छन्।

अनादि निधनो धाता भगवान् विष्णुख्ययः।
मायापाशेन बन्धाति पशुवत्परमेश्वरः॥

भगवान् श्री विष्णुको उपरोक्त माया रुपी पाशोले बाँधिएकालाई पाशो फुकाएर स्वतन्त्र दिलाइदिनु हुने दयालु श्रीशिवजी हुनु हुन्छ त्यसैले वहाँलाई पशुपति भनिएको हो।

पशवः परिकीर्त्यंते संसार वशवर्तिनः।
तेषां पतित्वाद् भगवान् रुद्रः पशुपतिः स्मृतः॥

सानो दूधे बालक भोकलागे पनि भोक लाग्यो भन्न जान्दैन तर चिच्याएको सुने पछि आमा जुन सुकै काम लागेको भए पनि आएर बालकलाई काखमा

लिएर दूध पियाँउछिन् अथवा कुनै उडुस, उपियाँले टोकेर वा कुनै कारणले रोएको भए पनि कारण बुझेर आवश्यकताअनुसार व्यवस्था गरेर पिडा शान्त गरिदिन्छिन् ।

श्री भगवान् सदा शिवजीको सामु हामी सबै दूध वालक जस्तै हौं ज्रसको आदि अन्त्य जान्दैनौं उहाँलाई पुकार्ने कुन शब्दले ? तैपनि विश्वका विद्वान्हरुले आफ्ना मति र गति अनुसार ग्रन्थहरु रचना गरेर यथाशक्ति पुकार्ने र जीवन सुधार्ने तरिकाहरु बताइदिएका छन् । त्यस्तै विश्व विशिष्ट वैज्ञानिक विधि विधानले परिपूर्ण वैदिक संस्कृतिको सिद्ध महर्षि कृष्णद्वैपायन श्रीवेदव्यासज्यूले पनि यस श्रीलिंग महापुराणमा विभिन्न बन्धनहरुले बाँधिएर संसाररुपी कुवामा खसेर छटपटिएकाले केही नियमहरु पालन गरेर जानी नजानी पुकार्ने तरिका बताइदिनु भएको छ ।

य इच्छेत् परम स्थानं ब्रत पाशुपतं चरेत् ।
अस्तेयं, ब्रह्मचर्यं, च अलोमस्त्याग एव च ।
ब्रतानि पञ्च भिक्षुणा महिंसा परमात्विह ॥
अक्रोधो गुरुसुश्रुषो शौचमाहार लाधवम् ।
नित्यं स्वाध्याय इत्येते नियमाः परिकीर्तिताः ॥

यही पाशुपत ब्रतनै संसार भरिका संस्कृतिहरुको पहिलो चरणमा पालन गर्नु पर्ने सदाचारहरुलाई बुद्धधर्ममा पञ्चशील र दशशील भएकाछन् । जैन धर्ममा अणुब्रत नामाकरण भएको छ । ईसायी धर्ममा दश आदेशहरु भन्ने गरेको छ । यसैंलाई पुराण रचयिता श्रीवेदव्यासज्यूले श्रीमद्भागवतमा यम र नियम भनेर लेख्नु भएको छ ।

उपरोक्त सदाचारले विचारका ढोकाहरु आफै खुल्न थाल्छन् र विवेक बुद्धि विशुद्ध भएको व्यक्ति सुन्दर संसार सिर्जना गर्न सक्ने भएर ब्रह्मलोकको अधिकारी बन्न पुग्छ ।

सदाचारता शान्ताः स्वधर्म परिपालकाः ।
सर्वाल्लोकान् विनिर्जित्य ब्रह्मलोकं व्रजन्ति ते ॥

आध्यात्मिक ज्ञानको अभाव भयो भने मानिसको मनमा पापको प्रवृतिले

प्रवेश गर्छ । अनि त्यही पापाचारको प्रवाहमा रुमलिएर उ पशुत्वमा परिणत हुन्छ। आकार-प्रकार मानिसको भए पनि विचार र व्यवहार पशुतुल्य भएको हुँदा नरपशु बनेको हुन्छ । त्यसैले पशुत्वको पाशोबाट फुत्कन इच्छा भएको व्यक्तिले भौतिक र आध्यात्मिक दुबै ज्ञान प्राप्त गर्नु अत्यावश्यक छ । पापले पारेको पाशो र पाशोमा परेर भएको ताप विनाशगर्न ज्ञान बाहेक अन्य कुनै उपाय संसारमा छैन ।

ज्ञानात्परतरं नास्ति सर्वपाप विनाशनम् ।

त्यस्तो ज्ञान प्राप्त गर्न कुनै एक त्यागी, तपसी र विद्वान् गुरुको शरणमा जानु पर्छ

ज्ञानं गुरोर्हि सम्पर्कात्

त्यस्ता श्रीसद्गुरुले पशुप्रवृतिबाट सदाको लागि पारगरिदिनुहुने कल्याणकारी श्रीसदाशिवजी पशुपति नाथको आराधना गर्ने तरिका सिकाइ दिनु हुन्छ ।

नमो भवाय भव्याय भावनायोद् भवाय च ।
अनन्त बल वीर्याय भूतानां पतये नमः ॥
शक्तराय बृषाक्ताय गणानां पतये नमः ।
वेदयन्त्र प्रधानाय शतजिह्वय वै नमः ॥
सर्व प्रणत देहाय स्वयं च प्रणतात्मने ।
नित्यं नीलानि धराय श्रीनीलकण्ठाय नमः ॥
कामः, क्रोधश्च लोभश्च मोहो दम्भ उपद्रवः ।
यानि चान्यानि भूतानि स्थावराणि चराणि च ॥
दह्यन्ति प्राणिनस्ते तु त्वत्समुत्थेन वन्हिना ।
अस्माकं दहयमानानां त्राता भव सुरेश्वर ॥
त्वं च लोकहितार्थाय भूतानि परिषिञ्चसि ।
महेश्वर महाभाग प्रभो शुभंविरीक्षंक ॥
आज्ञापय वयं नाथ कर्तारो वचनं तव ।
भूत कोटि सहस्रेषु रुप कोटि शतेषु च ।
अन्तं गन्तुं न शक्ताः स्म देव देव नमोस्तुते ॥
ॐ नमः शिवाय

ॐ श्रीकृष्णपरमात्मने नमः

विवरण खण्ड-"ग"

श्री पाणिनितपोभूमि दहमा साउने औंसीको दिन न्वाउनेहरुको घुइँचो ।



प्रकाशिका:- **श्रीमती लालकुमारी थापा**

वाणगंगा-६, नन्दनगर, कपिलवस्तु

प्रकाशन सहयोगीहरु:-

१. श्रीतुलसी प्रसाई, दमक, झापा
२. श्रीमती मैयादेवी प्रसाई, दमक, झापा
३. श्री राधाकृष्ण बराल, शनिश्चरे, झापा
४.. श्री टिकाप्रसाद सापकोटा, शनिश्चरे, झापा
५. श्री गेहनाथ उप्रेती घैलाडुवा, झापा
६. श्रीमती कमलादेवी उप्रेती, घैलाडुवा, झापा
७. श्रीकृष्ण प्रसाद भुसाल, पटौटि, अर्घाखाँची
८. श्रीपशुपति घिमिरे, पटौटि, अर्घाखाँची

ॐ श्रीकृष्णपरमात्मने नमः

श्री लिंगमहापुराण ज्ञानयज्ञको

आय-व्यय विवरण

श्रीकृष्णशिव सिद्धाश्रम पाणिनि तपोभूमि अर्घाखाँचीमा विक्रम सम्वत् २०४८ साल जेष्ठ महिनाको १५ गते देखि २१ गते सम्म जनकल्याणार्थ श्रीलिंग महापुराण १६ औं ज्ञानयज्ञ सार्वजनिक रुपमा सञ्चालन भएको थियो । र सबै श्रद्धालु सज्जनहरुको सहयोगले निश्चित समयमा निर्विघ्नपूर्वक सु-सम्पन्न भयो । यज्ञको नाउँमा कसैसित कुनै किसिमको आर्थिक सहयोगार्थ अनुरोध गर्ने गरिएको छैन तापनि आफ्नो धर्म, संस्कृति र सभ्यताको संरक्षणप्रति विशिष अभिरुची भएका महानुभावहरुले गर्नु भएको स्वयं सहयोग यस प्रकार छन् :-

१	श्री हरिप्रसाद पोखरेल (प्रध्यापक)	पणेना, अर्घाखाँची	रु. २०००/-
२	श्री राम प्रसाद पोखरेल (प्राध्यापक)	पणेना, अर्घाखाँची	रु. १५००/-
३	श्री विष्णु भक्त पोखरेल (अध्यापक)	पणेना, अर्घाखाँची	रु. ८००/-
४	श्री होमनाथ पौडेल	पणेना-१, अर्घाखाँची	रु. ५०५/-
५	श्री ज्योतिमान् श्रेष्ठ	छह्रा-५, अर्घाखाँची	रु. ५०५/-
६	श्री तारा प्र. श्रेष्ठ	छह्रा-९, अर्घाखाँची	रु. ३२१/-
७	श्री चिन्तामणि पोखरेल	छह्रा-८, अर्घाखाँची	रु. ३२०/-
८	बुढी आमाको स्मृतिमा व्रह्माचारी		रु. २५१/-
९	श्री कोशलेश्वर पन्थी	भुवन्डाडा-२, अर्घाखाँची	रु. १८१/-
१०	श्री डीलाराम पोखेल	पणेना-५, अर्घाखाँची	रु. १६०/-
११	श्री नवनिधि ढकाल	पणेना-८, अर्घाखाँची	रु. १५१/-
१२	श्री धातानन्द पोखरेल	पणेना-५, अर्घाखाँची	रु. १५१/-
१३	श्री जीवनाथ गौतम	खिदीम-३, अर्घाखाँची	रु. १५१/-

१४	श्री राम व. मानव	खिदीम-६, अर्घाखाँची	रु. १५१/-
१५	श्री कमल पोखरेल	पणेना-६, अर्घाखाँची	रु. १५१/-
१६	श्री कृष्ण प्र. पाण्डे	पणेना-८, अर्घाखाँची	रु. १२५/-
१७	श्री दुर्गा प्र. गौतम आचार्य	पोखराथोक-२, अर्घाखाँची	रु. १२५/-
१८	श्री थानेश्वर पोखरेल	छहरा-८, पाल्पा	रु. १०६/-
१९	श्री भीमार्जुन घिमिरे	पटौटी-६, अर्घाखाँची	रु. १०२/-
२०	श्री जीवलाल पोखरेल	पधेरे पणेना-९, अर्घाखाँची	रु. १०२/-
२१	श्री थानेश्वर पौडेल	पणेना-१, अर्घाखाँची	रु. १०२/-
२२	श्री ठाकुर प्र. गौतम	पणेना-३, अर्घाखाँची	रु. १०१/-
२३	श्री टेकराज पोखेल	छहरा-८, पाल्पा	रु. १०१/-
२४	श्री मनोज भट्टराई	पोखराथोक-६, अर्घाखाँची	रु. १०१/-
२५	श्री धनिराम पोखरेल	पणेना-४, अर्घाखाँची	रु. १०१/-
२६	श्री नारान प्रसाद पोखरेल	पणेना-७, अर्घाखाँची	रु. १०१/-
२७	श्री भरतमणि गौतम,	पोखराथोक-१, अर्घाखाँची	रु. १०१/-
२८	श्री तारा प्रसाद भट्टराई	पोखारथोक-६, अर्घाखाँची	रु. १०१/-
२९	श्री भीमलाल पोखरेल	मोतीपुर-९, कपिलवस्तु	रु. १००/-
३०	श्री इन्द्रकला पाण्डे	पणेना-७, अर्घाखाँची	रु. १००/-
३१	श्री होमनाथ पोखरेल	पणेना-९, अर्घाखाँची	रु. १००/-
३२	श्री प्रमोद गौतम	पोखराथोक-१, अर्घाखाँची	रु. ८५/-
३३	श्री भुवनेश्वर पोखरेल	पणेना-८, अर्घाखाँची	रु. ८१/-
३४	श्री केशवराज पौडेल	पणेना-१, अर्घाखाँची	रु. ७१/-
३५	श्री टोपलाल पोखरेल	पणेना-७, अर्घाखाँची	रु. ७०/-
३६	श्री तारा देवी पोखरेल	पणेना-९, अर्घाखाँची	रु. ५५/-
३७	श्री मीनराज पोखरेल	पणेना-६, अर्घाखाँची	रु. ५५/-
३८	श्री उमानाथ पोखरेल	पणेना-४, अर्घाखाँची	रु. ५५/-
३९	श्री लाल व. रसाली	पोखराथोक-१, अर्घाखाँची	रु. ५२/-
४०	श्री पाणिनी आदर्श युवा क्लव	पणेना-८, अर्घाखाँची	रु. ५२/-
४१	श्री धर्मराज गौतम	पोखराथोक-१, अर्घाखाँची	रु. ५१/-
४२	श्री महाकाली नि.मा.वि.	मिहालढाप, पाल्पा, अर्घाखाँची	रु. ५१/-

४३	श्री खगेन्द्र पौडेल	पणेना-१, अर्घाखाँची	रु. ५१/-
४४	श्री टिकीसरा थापामगर	पोखराथोक-६, अर्घाखाँची	रु. ५१/-
४५	श्री रेवती पौडेल	छहरा-६, पाल्पा	रु. ५१/-
४६	श्री एकदेव पोखरेल	पणेना-८, अर्घाखाँची	रु. ५१/-
४७	श्री जनार्दन घिमिरे	पटौटी-१, अर्घाखाँची	रु. ५१/-
४८	श्री जागेश्वर पोखरेल	पणेना-७, अर्घाखाँची	रु. ५१/-
४९	श्री गोविन्द प्र. पोखरेल	पणेना-५, अर्घाखाँची	रु. ५१/-
५०	श्री कुलराज घिमिरे	पणेना-१, अर्घाखाँची	रु. ५१/-
५१	श्री खुमानन्द भट्टराई	पणेना-१, अर्घाखाँची	रु. ५१/-
५२	श्री हिमनाथ पोखरेल	पणेना-४, अर्घाखाँची	रु. ५१/-
५३	श्री जीवलाल पोखरेल	पणेना-४, अर्घाखाँची	रु. ५१/-
५४	श्री नन्दराम पोखरेल	श्रीकृष्ण-शिव-सिद्ध गीता भवन पणेना-७	रु. ५१/-
५५	श्री गणेश पोखरेल,	पणेना-४, अर्घाखाँची	रु. ५१/-
५६	श्री चेतनारायण पोखरेल	पणेना-५, अर्घाखाँची	रु. ५१/-
५७	श्री ईश्वरी प्र. पोखरेल	पणेना-५, अर्घाखाँची	रु. ५१/-
५८	श्री शङ्कर प्र. पाण्डे	पणेना-८, अर्घाखाँची	रु. ५१/-
५९	श्री गोविन्द प्र. पाण्डे	पणेना-८, अर्घाखाँची	रु. ५१/-
६०	श्री मोहनी लाल पोखरेल	पणेना-६, अर्घाखाँची	रु. ५१/-
६१	श्री लीलामणी पोखरेल	पणेना-७, अर्घाखाँची	रु. ५१/-
६२	श्री प्रभा गौतम	पोखराथोक-२, अर्घाखाँची	रु. ५०/-
६३	श्री उमाकान्त गौतम	पणेना-१, अर्घाखाँची	रु. ४५/-
६४	श्री निर्मला भट्टराई	पोखराथोक-६, अर्घाखाँची	रु. ४०/-
६५	श्री राजेन्द्र गौतम	खिदीम-८, अर्घाखाँची	
६६	रु. ३० देखि कम दिनेको ८ जनाको		जम्मा रु. १५१/-
	रसीद बाट उठेको		जम्मा रु. १०९००/-
	मण्डपको भेटी		रु. १४७४/-
	जम्मा आय		रु. १२३७४/-
			रु. ३८००/-

ॐ श्रीकृष्णपरमात्मने नमः

खर्च

दक्षिणा

१) पाचक प. श्री ऋषिराम पौडेलज्यूलाई	रु. १२०१/-
२) चण्डीपाठक श्री रेवतीरमण पौडेलज्यूलाई	रु. ६२१/-
३) देव पाठक श्री चूडामणि पोखरेलज्यूलाई	रु. ६२१/-
४) गीता पाठक प. थानेश्वर पौडेलज्यूलाई	रु. ६२१/-
५) रुद्री पाठक श्री भीमलाल भट्टराईज्यूलाई	रु. ६२१/-

विद्यार्थीलाई पुरस्कार

१) सुश्री पुष्पा पोखरेल श्रीपाणिनि प्रा.वि.लाई	रु. १०८/-
२) श्री दीपेन्द्र कार्की श्री महाकाली नि.मा.वि.लाई	रु. २०८/-

सामान किनको

१) श्री शान्तराज ढकालको बिल बमोजिम	रु. २३६०/-
२) श्री ताराप्रसाद श्रेष्ठको बिल बमोजिम	रु. ३४९६/-

ज्याला दिएको

१) श्रीनन्दबहादुर घर्तीलाई प्रति दिन रु. ७०/- का दारले १४ दिनको जम्मा	रु. ९८०/-
२) सूजिकार श्री मीन बहादुरलाई ब्राह्मणहरुको लुगा सिएको	रु. ५००/-

जम्मा :- १४९५८/-

जम्माजम्मी

आय १६१००/-

व्यय १४९५९/-

बाँकि ११४१

ॐ श्रीकृष्णपरमात्मने नमः

विवरण खण्ड-घ

श्री पाणिनितपोभूमिबाट उत्तर पट्टि हेर्दा माछ्रापुच्छ्रे, अन्नपूर्णादि हिमश्रृङ्खलाको मनोहर दृश्य देखिन्छन् ।

ॐ श्रीकृष्णपरमात्मने नमः

प्रकाशकः- श्री सुवर्णमान सिंह

श्री सानुमाया

थानकोट चेकपोष्ट, काठमाण्डौं

प्रकाशन सहयोगीहरु :-

१. श्रीविष्णु प्रसाद श्रेष्ठ, लालिखर्क, पाँचथर
२. श्रीखडकबहादुर श्रेष्ठ, दोलखा बजार दोलखा
३. श्रीगोरखबहादुर श्रेष्ठ, वखलढुङ्गा बजार
४. श्री डा. ज्ञानलाल श्रेष्ठ, अनामनगर, काठमाण्डौं
५. श्रीकृष्णकुमार श्रेष्ठ, लुम्दे, इलाम
६. श्रीहिराकाजी श्रेष्ठ, नारायणगढ, चितवन

6. नं. 28393

ॐ श्रीकृष्णपरमात्मने नमः

समितिहरुको पुनर्गठन

श्री कृष्णशिव सिद्धाश्रम पाणिनितपोभूमिको संरक्षण, संवर्धन र भविष्यमा विश्व पर्यटन केन्द्रको रुपमा क्रमशः विकास गर्दै लाने उद्धेश्यले विक्रम सम्बत् २०४३ साल ...... गते स्थानिय जनसमूहको भेलाले विभिन्न समितिहरुको समान अधिकार सम्पन्न निम्न बमोजिम गठन गरिएको थियो । उपरोक्त सउदेश्यले गठन गरिएका सेवा, समिति, विकास समिति, प्रचार समिति र संरक्षण समितिहरुको पदावधि दश वर्ष थियो तापनि आफ्नो धर्म, संस्कृति र सभ्यता प्रति विशेष अभिरुची भएका श्रद्धालु सज्जनहरुको पद सँधै सुरक्षितै छन् । ती पदाधिकारीहरु मध्ये कुनै वसाईं सरेर कही देहान्त भएका र पदोन्नोति भएर रिक्त भएका र दुई समितिमा अध्यक्ष, उपाध्यक्ष वा सचिव पद भएकोलाई एक एकमा सदस्य र अर्कोमा उही पदमा स्थाइ गरिनुका साथै सवै समितिहरुमा या वर्ष २०५८/८/१६ गतेका दिन निम्न बमोजिम चारै समितिहरुको पुनर्गठन गरिएकाछन् :-

सेवा समिति

(१) अध्यक्षः तुलसीराम भट्टराई (गा.वि.स. अध्यक्ष पोखराथोक)
(२) उपाध्यक्षः श्री नवनिधि ढकाल
(३) सचिवः श्री पुष्कराज पोखरेल (शिक्षक)
(४) सह-सचिवः श्री धनिराम पोखरेल
(५) सदस्यः श्री दिनेश भारद्वाज
(६) सदस्यः श्री कृष्णप्रसाद भट्टराई
(७) सदस्यः श्री टुकबहादुर दर्लामी
(८) सदस्यः श्री केशवराज पोखरेल
(९) सदस्यः श्री कृष्णराज पाण्डे
(१०) श्री टेकराज पोखरेल
(११) श्री पुष्करबन्धु पोखरेल

विकास समिति

(१) अध्यक्षः श्री खगेन्द्रराज पोखरेल
(२) उपाध्यक्षः श्री शालिग्राम भारद्वाज
(३) सचिवः श्री रामप्रसाद पोखरेल (प्राध्यापक)

(४) सहसचिव: श्री धातानन्द पोखरेल (गा.वि.स.अ.पणेना)
(५) सदस्य: श्री नेत्रप्रसाद पोखरेल
(६) सदस्य: श्री भीमार्जुन घिमिरे
(७) सदस्य: श्री जनार्दन पोखरेल
(८) सदस्य: श्री चिन्तामणि पोखरेल
(९) सदस्य: श्री होमनाथ पौडेल
(१०) सदस्य: श्री नन्दराम पोखरेल
(११) सदस्य: श्री ताराप्रसाद श्रेष्ठ

प्रचार समिति

(१) अध्यक्ष: श्रीहरिप्रसाद पोखरेल (प्राध्यापक)
(२) उपाध्यक्ष: श्री नारायण गौतम
(३) सचिव: श्री विष्णुभक्त पोखरेल (शिक्षक)
(४) सहसचिव: श्री प्रमोद गौतम
(५) सदस्य: श्री हुमराथ गौतम (प्राचार्य)
(६) सदस्य: श्री दुर्गाप्रसाद गौतम
(७) सदस्य: श्री दुर्गाप्रसाद पोखरेल
(८) सदस्य: श्री पं.ऋषिराम पौडेल
(९) सदस्य: श्री देववहादुर दर्लामी
(१०) सदस्य: श्री टिकाराम जोगीकुँवर
(११) सदस्य: श्री माधवराज पाण्डे

संरक्षक समिति

(१) अध्यक्ष: स्वामी, श्रीकृष्णानन्द परमहंस
(२) उपाध्यक्ष: डा. श्री डिल्लिराज खनाल (मा.सांसद)
(३) सचिव: श्री रामबहादुर मानव (प्राध्यापक)
(४) सहसचिव: श्री रुद्रप्रसाद पोखरेल (शिक्षक)
(५) सदस्य: श्री शान्तराज ढकाल
(६) सदस्य: श्री लिलाहरि पोखरेल
(७) सदस्य: श्री जीवनारायण पोखरेल
(८) सदस्य: श्री काशीराज अपाध्याय
(९) सदस्य: श्री शोभाकर भुषाल
(१०) सदस्य: श्री तिलकराम गौतम
(११) सदस्य: श्री पं थानेश्वर पौडेल

ॐ श्रीकृष्णपरमात्मने नमः

विभिन्न ठाउँबाट आएका पत्रहरुः

पंडित, श्रीतुलसी राम ज्यूले
हरियाणा(भारत) बाट पठाउनु भएको पत्र

श्रीकृष्णपरमात्मने नमः मितिः- २०५७ चैत्र २१ गते

श्रीपरम पूज्य परमहंस स्वामी,

कृष्णानन्द ज्यूमा सादर प्रणाम !

भगवत् कृपा र हजुरको शुभ-आर्शिर्वादले स-परिवार कुशल छु र हजुर को सुस्वास्थ्य दीर्घायुको कामना गर्दछु ।

विशेष हजुरको आज्ञा भएका तीन पुराणहरु मध्ये मात्र अग्नि पुराण प्राप्त भयो । सो पुराण स्वीकार गर्नु होला । गरुड पुराण र वामन पुराण प्राप्त भएमा पुनः प्रेषित गर्नेछु । शेष अर्को पत्रमा लेख्ने छु ।

हजुरको आज्ञानुरागीः-
पं. तुलसी राम
रोहतकः हरियाणा

ॐ श्रीकृष्णपरमात्मने नमः

श्री आरामीपत्र

श्री धनिराम पोखरेलले पञ्जाबवाट पठाउनु भएको पत्र

मितिः २००१/५/१०

श्रीमान् आदरणीय कृष्णानन्द परमहंस माहाराज जी सादर प्रणाम छ। पत्र लेख्दाको मिति सम्म कुसलमंगल रही भगवान राम भक्त हनुमान जि सम्म प्राथाना गर्दछौं । और खास नबीन केही छैन भएमा अबश्य लेख्ने छु। तुल्मसीर ाम, साथै नबीनजिहरु आउँदै हुनुहुन्छ। र ५००० /- पाँचहजार आइसी पठाएको छु। वहाहरुको सरसल्लाह अनुसार गर्नुहोला र टोटल २० देखी २५ बिस देखि पचीस हजार म शिबजीको मन्दीर र राम भक्त हनुमान मन्दीर तयार हुने गर

ी बनाउने कुरा छ। मूर्तीकोलागि अलग बजेट बन्छ। ऐले सवै काम हुन नसक्दा सारै चिन्तीत छु। श्रीमती बिमार भएर अप्रेशन गराउनु पर्छ जस्तो छ। ठिक भएपछि म अरु रकम पुऱ्याउने या आफै आउने काम गर्ने छु।

आजलाई पत्रबाट विदा चाहन्छु। गल्तीमा क्षेमा

पत्रको इन्तिजार जरुर गर्ने छु। पत्र पठाउदा धनिराम शर्मा लेख्नु होला।

श्री राम प्रसाद पोखरेलले पञ्जाबवाट पठाउनु भएको पत्र

मितिः २०००/१२/१४

श्रीमान् गुरु माहाराज जी दैनिक डंडवत ढोग आराम छु आराम चाहन्छु।

विषयः- खासै केहि थिएन भएमा लेख्ने नै छु, गुरु जी आज भन्दा एक महिना पहिलेनै हजुरलाई पोसाकको कपडा पठाएको थिएँ तर साथिहरुले भुलेर गएछन् अहिले पाल्पाका साथिहरुका साथ पोसाक पठाएको छु। प्राप्ति सूचनाको प्रतिक्षा गरेको छु।

अहिले यतिमात्र भवदिय हजुरको शिष्य रामप्रसाद

श्री

मितिः २००१/५/३१

श्रीमान् आदरणीय गुरु माहाराजजी दण्डवत प्रणाम !

आराम छु हजुरको स्वास्थ्यमा आराम रहोस भन्ने श्री शिद्धेश्वर माहादेव संग दैनिक दुवै हात जोडी प्रार्थना गर्दछु।

विषयः हजुरको दर्शन मेरो लागी धेरै दुर्लभ भएको मेरो मन र हृदयलाई धेरै चोट व आघात परेको ठान्दछु। गुरुजी पिछलो वा गत सालहरुमा माघ महिना वा फाल्गुण महिनाहरुमा धेरैमात्रामा स्वदेश फर्कने गर्थे यो वर्ष वैसाख १ गते २०५८ मा घर आफ्नो हवेलीमा आइपुगेको थिँए निकै थोरै समयलिएर मा आएको थिँए तर २३ दिन सम्म पनि इन्तजार गर्दै बस्दा पनि दर्शन दुर्लभ

हुन गयो र आफ्नो पारिवारीक समस्याको समाधानको लागि छिमेकी राष्ट्रको पंजाव राज्य क्षेत्र अमृतसरमा आफ्नो रोजी रोटीको लागि मजदुरी गर्न पुन: बैसाख २४ गते २०५८ मा स्वदेशबाट विदेश फर्कन बाध्य हुन गए गुरु जी हजुरको निमित्त एक ठुलोकोटको कपडा शान्त राजजीको घरमा छ। उपलब्ध गराई पणेना वार्डनं.-३ को सुजीकार सेने संग सिलाई शर्दि मौसम म अनाडी अन्पढ लाई याद गर्नु हुन निबेदन गर्दै मसंग भएको थोरै चन्दा संकलन् रुपैयाँ सवै पणेना गा.वी.स.नं.-६ निवासी श्री भविन्द्र पोखरेलजीलाई पुग्न दिइ स्वदेश बाट रवाना भएँ।

हस्त

रामप्रसाद पोखरेल

	आई.सी.	एन.सी.
१. श्री दीपक यादव, रुपन्देही, रायपुर-५	३०	४८.००
२. श्री तुल्सीराम पोखरेल, अर्घाखाँची, पणेना-४	४०	४६.००
३. रामप्रसाद पोखरेल, अर्घाखाँची, पणेना -६	१०१	१६१.००
४. श्री इश्वरी पाण्डे, ठुलापोखरा-७	१०१	१६१.००
५. श्री रेनुकान्त पोखरेल शोल्टी मायालु	३५	५६.००
६. श्री पशुपति पोखरेल, अर्घाखाची, पणेना-६	३५	५६.००
७. श्री एम बाहादुर सारु, अर्घाखाँची, पणेना-३	२५	४०.००
८. श्री कृष्ण बाहादुर बिक, अर्घाखाँची, पणेना-५	२५	४०.००
९. श्री चेतनारायण पोखरेल, अर्घाखाँची, पणेना-६	३०	४८.००
१०. श्री शालीकराम पोखरेल, अर्घाखाँची, पणेना-५	३०	४८.००
११. श्री गिरधारी पोखरेल, अर्घाखाँची, पणेना-६	२०	३२.००
१२. श्री तेज प्रसाद पाण्डे, पाल्पा, केरवादी	५१	८१.००
१३. श्री रामलाल पौडेल, अर्घाखाँची, धातिवाङ्ग-८	५१	८१.००
१४. श्रीहरीहर वेल्वासे, अर्घाखाँची, पटौटी-१	२५	४०.००
१५. श्रीलक्ष्मण जैश्वाल, पाल्पा, भुवनपो.-२	२१	३३.००
१६. श्री थानेश्वर बेल्वासे, अर्घाखाँची, पटौटी-१	२५	४०.००
१७. श्रीभरत गौतम, अर्घाखाँची, खिदीम-८,	१०	१६.००
१८. श्री राजन कुंवर, पाल्पा, मालमूल-९,	३१	४९.००
१९. श्री गुणानिर्धी अर्घाखाँची,	१५	२४.००
२०. श्री भुवन पोखरेल, अर्घाखाँची, पणेना - ६	२०	३२.००
२१. श्री शंकर पोखरेल, अर्घाखाँची, पणेना-६	१५	२४.००

दुर्वासेश्वर महादेव गुफा ब्य.सं.र सं. सेवा समिति

(साततले गुफा) खिदिम-दुर्वासापुर

अर्घाखाँची

मिति ०५८/३/२७

विषय :- उपस्थित हुने बारे

श्रीमान कृष्णानन्द परंहंस ज्यू

पोखराथोक-६, दह

महोदय,

यही ०५८ साल अषाढ ३० गते शनिवारका दिन यस गुफा सेवा समितिको बैठक वस्नु पर्ने भएकोले उक्त दिन श्रीमानको उपस्थितिको निमित्त हार्दिक अनुरोध गर्दछौं ।

स्थान :- गुफा प्राङ्गण

समय :- ११ वजे

भवदीय

पीताम्वर गौतम

ॐ श्रीकृष्णपरमात्मने नमः

विद्यार्थी खण्ड



बालकुमारी माध्यमिक विद्यालय, नारायणगढ, चितवन

नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, पणेना, अर्घाखाँची

विद्यार्थीवर्ग धर्ती र स्वर्ग जोड्नको निमित्त,
धर्तीका शुद्ध पुत्री र पुत्र सूत्र हुन् निश्चित ।
यिनको निम्ति आफुले सक्दो मद्वत विशेष
समाजबाट पालन गरौं कृष्णको आदेश ॥

छात्राणां भोजनाभ्यङ्ग वस्त्रभिक्षामथापि वा ।
दत्वा प्रान्पोति पुरुष : सर्वकामान् न संशपः ॥
विवेको जीवितं दीर्ध धर्मकामार्थ सम्पदः ।
सर्व तेन भवेत् दत्तं छात्राणां पोषणो कृते ॥

ॐ श्रीकृष्णपरमात्मने नमः

विभिन्न विद्यालयका केही विद्यार्थिहरु

बायाँबाट सुश्री सुभद्रा, सुनिता र सुन्दर

वायाँबाट श्री देवराज, सुश्री तेजकुमारी, कृष्ण, शान्ता, गोपाल, जानकि, तारा

बायाँबाट दिपक, राजन, रश्मि, सिमा, नविन

प्रकाशकः- श्री शेषकान्त पोखरेल

(प्र.अ.)

श्रीमती तुलसा देवी पोखरेल

वैरियाबजार, कपिलवस्तु

प्रकाशन सहयोगीहरुः-

१. श्रीघनश्याम गौतम, खिदिम, अर्घाखाँची
२. श्रीमहेन्द्र गौतम (प्राध्यापक), खिदिम, अर्घाखाँची
३. श्रीप्रमोद गौतम, खिदिम, अर्घाखाँची
४. श्रीनवीन गौतम, खिदिम, अर्घाखाँची
५. श्रीराम बहादुर मानव (प्राध्यापक), खिदिम, अर्घाखाँची
६. श्री केदारनाथ भुसाल, चारपाला, गुल्मी
७. श्री तेज नारायण पोखरेल, जुठापौवा, पाल्पा

LUCY GRAY

लुसी ग्रे

-विलियम वर्डस् वर्थ

Oft I had heard of Lucy Gray;
And when I cross'd the wild.
I chanced to see at break of day
The solitary child. 1
धेरै नै पल्ट सुनेको थिएँ लुसीको वारेमा
जव म पार भएको थिएँ जंगली-बाटोमा
देख्नेत्यो मौका अनि लौ पाएँ बल्ल पो विहान
एकान्त वासी ती सानी केटी सौन्दर्य मुहान ॥१॥

No mate, no comrade Lucy knew;
She dwelt on a wide moor
The sweetest thing that ever grew
Beside a human door! 2
अत्यन्त राम्री ती सानी केटी सँधैकी सुन्दरी
मानवगृह सिंगारी राख्ने रुपले वेसरी
संगी र साथीव्कै पनि राम्रो चिन्दिन लुसीले
बस्दथिन् तिनी पहाडी बाँझो एकान्त सुन्सान ॥२॥

You yet may spy the fawn at play.
The hare upon the green;
But the sweet face of Lucy Gray
Will never more be seen. 3
सक्दछौ देख्न अझैनै तिमी हरिया घाँसमा
खरायो मृग खेलेका त्यहाँ प्रातः साँझमा

सकिन्न तर देख्न लौ अब जेगर करार
एकान्त वासी लुसीको देख्न सुन्दर मुहार ॥३॥

To-night will be a stormy night-
You to the town must go;
And take a lantern, child to light
Your mother through the snow; 4
आज राती आँधी बेह्री खोज्यो हेर आउन
आमालाई हिउँको बाटो सरासरी ल्याउन
छोरी ! तिमी उज्यालोले बाटो देखाउन
शहरमा जानैपर्‍यो लिई लालटिन ॥४॥

"That Father! will I gladly do;
T' is scarcely afternoon-
The minster-clock has just struck two'
And yonder is the moon ! 5
हुन्छ वा । जान्छु खुशीले म त क्यै डर नमानी
एकछिन बस्छु भर्खरै ढल्क्यो दिनको मध्यानी
दुईको घंटी भर्खरै हान्यो चर्चको घडीमा
चन्द्रमा पनि उदाइरेछ निर्मल नभमा ॥५॥

At this the father raised his hook
And snapp'd a faggot band;
He plies his work; and Luck took
The lantern in her hand. 6
यत्तिकैमा बाबु चाहिं हँस्या उठाएर
बाँधिएका दाउरा-बिटा फुकाएर
उनी लागे अनि पछि आफ्नो कामगर्न
लुसीग्रेले पनि लिइन् आफ्नो लालटिन ॥६॥

Not blither is the mountain roe;
With many a wanton stroke
Her feet disperse the powdery snow,
That rises up like smoke. 7
मृगिगी पनि हुँदैन खुशी त्यतिको गतिले
शहर जान आनन्दमानी चञ्चले गतिले
हिउँको धुलो पाउले छर्की बाटोमा हिंडेकी
देखिन्थ्यो निक्कै उडेको बुङ्ग युँवानै पो हो कि ॥७॥

THe storm came on before its time
She wander'd up and down;
And many a hill did Lucy climb;
But never reach'd the town. 8
समय भन्दा अघिनै आयो पानी र वतास
ढुन्मुनी तिनी यता र उता भएर हतास
लुसीले चढिन् बेहोस भई धेरैनै पहारा
पुगिन तर शहरभित्र कहिल्यै विचरा । ॥८॥

The wretched parents all that night
Went slouting far and wide;
But there was neither sound nor sight,
To serve them for a guide. 9
दुःखित दुवै बाबु र आमा रोई र कराई
रातैनै भरी यता र उति हिंडे ती बोलाई
आफ्नी ती छोरी बोलेकै न त स्वरमै सुनियो
वताइदिने मानिस कुनै न त्यहाँ भेटियो ॥९॥

At day break on a hill they stood
That overlook'd the moor;

And thence they saw the bridge of wood
A furlong from their door. 10
व्यानी पख तिनीहरु डाँडामाथि पुगे
जहाँबाट तारैतिर दृश्यहरु देख्थे
त्यहाँबाट देखे एक काठे पुल पर
दुईसय गज आफ्नो घरबाट पर ॥१०॥

They wept and, turning homeward cried,
'In heaven we all shall meet!'
When in the snow the mother spied
The print of Lucy's feet. 11
हिउँमा जब लुसीको पाइला आमाले पैल्याई
असहायभई घरतिर फर्की रोएर कराई
स्वर्गमा हामी भेटौंला अब भनेर चिच्याए ॥११॥

Then downwards from the steep hill's edge
They track'd the footmarks small;
And through the boken hawthorn hedge,
And by the long-stone wall. 12
अग्ला अग्ला ढुंगे पाखा हुँदै खरारबर
काँढे झाङ बारहरु नाघी सरासर
पहराका छेउबाट तल ठाडै भीर
पाइलाको पछिलाग्दै गई उतैतिर ॥१२॥

And then an open field trey cross'd;
The marks were still the same;
Shey track'd them on nor ever lost;
And to the bridge they came; 13
छोरीको खोजी गरेर हिंडदै त्यो खुला मैदान
छिचलीसके तैपनि थिए पाइला दुरुस्त

न भुलुन् भनी आमा र वावु गरेर होस्यार
हिंडेका दुबै काठको पुल पुगे ती आखिर ॥१३॥

They follow'd from the snowy bank;
Those footmark's, one by one,
Into the middle of the plank,
And further there were none; 14
टम्मै हिउँ पाखापाखै एकएक गर्दै
तिनीहरु हिंडे दुबै पाइला पछ्याउँदै
पुल बीचसम्म थिए ठीक पद-चिन्ह
त्यहाँ देखि उता केही चिनो देखिएन ॥१४॥

Yet some maintain to this day
She is a living child;
That you may see sweet Lucy Gray
Upon the lonesome wild. 15
तैपनि अझै कोहीले गर्दै लुसीको विस्वास
तीवित अझै तिनी छिन् भनी भन्दछन् अवश्य
तिमीले देख्न सक्दछौ राम्री लुसीको मुहार
जंगलभित्र एकलै कहीं माग्दैछिन् गुहार ॥१५॥

O'er rough and smooth she trips along
And never looks behind;
And sings a solitary song;
That whistles in the wind. 16
मैदानबाट पखेरातिर पाइला अगाडि
बढाइरेकी हुनेछिन् तिनी नहेरी पछाडि
एकान्त बसी गाउँछिन् गीत मधुरो सुनिन्छ
सदैव यहाँ हावामा जुन सुसइरहन्छ। ॥१६॥

ॐ श्रीकृष्णपरमात्मने नमः

आध्यात्मिक जनजागृति खण्ड

अन्तर्राष्ट्रिय आध्यात्मिक ज्ञानकेन्द्र हिमालय



प्रकाशक :-

श्रीहरिप्रसाद पोखरेल

(प्राध्यापक हरिहर उच्च मा.वि.)

श्रीमती राधादेवी पोखरेल

पणेना-४, अर्घाखाँची

प्रकाशन सहयोगीहरु :-

१. श्रीरामेश्वर गिरी, थानकोट, चेकपोष्ट, काठमांण्डौं
२. श्रीघनश्याम गौतम, खिदिम, अर्घाखाँची
३. श्री महेन्द्र गौतम (प्राध्यापक) खिदिम, अर्घाखाँची
४. श्री प्रमोद गौतम, खिदिम, अर्घाखाँची
५. श्री नवीन गौतम, खिदिम, अर्घाखाँची
६. श्री रामबहादुर मानव (प्राध्यापक), खिदिम, अर्घाखाँची
७. श्री केदारनाथ भुषाल, चारपाला, गुल्मी
८. श्री तेज नारायण पोखरेल, जुठापौवा, पाल्पा

ॐ श्रीकृष्णपरमात्मने नमः

संघर्षमय जीवनमा सफल ब्यक्तित्व

प्रेम राई देखि स्वामी श्री १०८ प्रपन्नाचार्य सम्म

मानव जीवनका प्रत्येक पाइलाहरु संघर्षपूर्ण छन्। मानव जन्मेर जन्मान्त सम्म प्रत्येक क्षण संघर्षमा संलग्न रहेको हुन्छ। तर त्यो संघर्ष के को निम्ति र कसले संलग्न गराउँछ ? भन्ने प्रश्नक्रो उत्तरमा मानव एक चेतन शील प्राणी भएको हुँदा शोच्ने स्तरको आधारानुसार सकेसम्म बढी सुख, सुविधा र शान्तिको चाहना स्वभावैले भएको भन्ने वारे हामी सबैलाई स्वतः सिद्ध अनुभव भएकै कुरो हो।

उपरोक्त सुख, सुविधा र शान्ति प्राप्त गर्न मानिसले उसको पूर्व जन्मको प्रारब्ध संस्कार अनुसार सकारात्मक र नकारात्मक मध्ये एक मार्ग अपनाउँछ। मानिसमा उक्त दुवै मार्गमा अग्रसर गराउने तात्विक गुणहरु सुषुप्ति रुपमा विद्यमानछन् । ती दुई गुण मध्येले पनि कसैलाई जीवनको पूर्वार्धमा नकारात्मकले प्रेरित गर्छ भने कसैलाई उत्तारार्धमा प्रेरित गर्छ । तर सकैको जीवनमा ती दुवैले एक पल्ट प्रेरित गरेकै हुन्छ । नकारात्मक गुणले प्रेरित गरेको बेलामा सुख, सुविधा र शान्ति सत्ता, सम्पत्ति र श्रीमतीबाट मिल्दछ भन्ने

दु:स्वपन्न देख्छ । सकारात्मक गुणले प्रेरित गरेको वेलामा सत्ता, सम्पत्ति र श्रीमतीबाट वास्तविक सुख शान्ति मिल्ने होइन भन्ने कुरा समाजमा विद्यमान दृश्यतिर दृष्टि जान्छ र वास्तविक शाश्वत शान्तिको निम्ति प्रयत्न गर्न थाल्छ ।

त्यस्ता व्यक्तिहरु मैले चिनेका मध्ये श्रीप्रेमराई एक हुनु हुन्छ । म वेला बेलामा धरान नगरमा जाँदा कहिले श्री पिण्डेश्वर विद्यापीठमा कहिले श्रीभवानी सुवेदी ज्यूकोघरमा कहिले श्री अम्विका प्रसाद श्रेष्ठ ज्यूको घरमा, कहिले कहिले गीता भवनमा कहिले नगरको पाहुना घरमा सुत्ने गर्थे । श्री पिण्डेश्वर विद्यापीठमा वास बसेको बेलामा एक विद्यापीठका प्राध्यापकज्यूले कुरैकुरामा श्रीप्रेमराई ज्यूको वारेमा कुरागर्दै मसित सोध्नु भयो "यहाँको श्री प्रेमराई सित परिचय छ कि छैन ?" मैले भने छैन ।

ओ हो । तपाई जस्तोलाई पाए त उहाँले धेरै राम्रो संग स्वागत सम्मान गर्नु हुन्थ्यो । मैले भने कहाँ ? कसले ? स्वागत संम्मान गर्छ भनेर खोज्दै हिडेर भएन त । त्यसो भनेको होइन तपाई जस्तोलाई पाए खुसी भएर सम्मान गर्ने उहाँको स्वाभाविक जीवन बनेको छ । यसपालि उहाँसित भेटेर परिचय गर्नु धेरै राम्रो हुन्छ । कता खोज्दै हिड्नु मैले भन्दा होइन तपाईले खोज्नु पर्दैन हामी यही बोलाउँछौं र परिचय गराउँछौ भनेर तुरुन्त फोन गर्नु भएको थियो तर त्यसबेला उहाँ घरमा नहुनु भएकोले प्राध्यापक श्री टिका प्रसाद ज्यूले परिचय गराउनलानु भयो ।

धरान नगरको वडा-३ मा रहेको पाना पारोटी भण्डारमा पुग्यौं । हामीत्यहाँ पुग्दा पनि घरमा आउनु भएको थिएन । ठुलो घरको अगाडि टिनको छानो भएको, काठको बुट्टे बार लाएको आगोको धुनीमा चिम्टा गाडिएको साधु सन्तहरु आउँदा बसाल्ने ठाउँ समेत भएको सानो मन्दिर रहेछ त्यहीं हामी दुवै जना बस्यौं ।

घरको उत्तरपट्टि इँटको गाह्रो, टिनको छानो भएको लामो टहरो जुन पाउरोटी बनाउने कारखाना रहेछ । कामगर्ने कामदारहरु आफ्ना काममा व्यस्त

थिए । मलाई लिएर जानु भएका प्राध्यापक श्रीटिकाप्रसादज्यू एक घंटा भन्दा बढी बस्नु हुँदा पनि श्री प्रेम राई आउनु भएन र उहाँको घर अर्कै वडामा पर्ने र बेलुका पनि भएको हुँदा घरको परिवार मध्ये एक महिलालाई मेरो वारे बताएर बनाएर जानु भयो ।

एक छिन पछि कालो जुत्ता, सेतो सुरुवाल कमीज, कालो ठुलो कोट, सेतो चश्मा लाएको निकै फूर्ति साथले आएर मलाई सोद्धा मैले भन्न नपाउँदै श्री टिका प्रसाद ज्यूले जसलाई भनेर जानु भएको थियो उनैले बताए पछि मलाई ठुलो घरकै बैठक कोठामा लगेर बसालेर परस्परमा परिचय गर्दा बल्ल चिने त्यसै घर र कारखानाको मालिक श्री प्रेमराई भनेर । बेलुका दुवैले सामान्य रुपमा परस्पर परिचय गरी खाने पिउने गरेर सुत्यौं ।

भोलिपल्ट बिहान मैले आफ्नो दैनिक नित्य क्रिया सकेर वैठकमा बसेर केही लेख्दै गरेको वेलामा आएर सोध्नु भयो के लेख्दै हुनुहुन्छ ? त्यसबेला मैले श्रीम्भागवत महापुराण नेपाली भाषामा छायानुवाद गर्ने क्रममा नौऔं स्कन्धमा लेख्दै थिएँ। गाँस र वासको कुनै ठेगाना नभएको फिरन्ता भएँ त्यसैले जहाँ वस्दा एक छिन् फुर्सद हुन्छ त्यही २४ श्लोक भएपनि आनुवाद गर्ने गरिहाल्थे। र भनें "भागवतलाई नेपाली भाषामा अनुवाद गरुँ भनेर लागेको," ओहो भागवत जस्तो ग्रन्थलाई नेपाली भाषमा लेख्नु त ठुलै काम पो भो। श्री वेदव्यास ज्यूले यस्ता जम्मा १८ पुराणहरु रचना गर्नु भयो । मैले त ती मध्ये एउटाको भाषा बदल्ने काम मात्र गरेकोहुँ केही ठुलो कुरा भएन" भन्दा तपाईको लागि साधारण भए पति यो कामं लर्तरोबाट हुने होइन" भन्नु हुँदै छपाउन कति खर्च लाग्छ होला ? भनेर सोध्नु भयो २०४१ सालमा पहिलो खण्ड स्कन्ध देखि ८ सम्मलाई रु. ३५५००।- लागेको थियो अव यसलाई कति लाग्ने हो ऐले भन्न सकिन्न । कहिले सम्ममा लेखेर पुरा गर्नु हुन्छ ? गाँस र बासको ठेगाना छैन त्यसैले त्यो पनि भन्न सकिन्न मैले भन्दा त्यसो भए यही मेरो भरमा बसेर पुरा गर्नुस् भन्नु भो । मडुलुवा जोगी एकै ठाउँमा बस्न मेरो मनले मान्दैन अर्को कुरा शास्त्रमा संन्यासी कसैको घरमा धेरै दिन नबस्नु भन्ने आदेश छ त्यसैले

बस्न मिल्दैन। त्यसो भए लेखेर पुरा भएपछि अर्को पल्ट आउनु हुँदा मैले पनि सक्दो छपाईको निम्ति सहयोग गरुँला भन्नु भो। त्यो दिन म खाने कुरा खाएर विराट तिर लागें।

अर्को वर्ष माघ महिनामा झापा जिल्लामा केही दिन बसेर उहाँको घर धरानमा दोश्रो पल्ट पुगें। धरानमा जाँदा धेरै जसो श्री भवानी सुवेदी ज्यूको घर मा वासवस्ने गर्थे। अब म श्रीप्रेमराईज्यूको घरमा धेरै वस्ने भएँ। किन भने बस विसौनिबाट नजिक पर्ने र रिक्सा पनि जाने भएको र श्री भवानीज्यू घर जान उकालो पनि हुँदा रिक्सा नजाने र टाढ़ा पनि पर्ने हुँदा त्यही बस्ने गर्न थालेको हुँ। उहाँको घरमा कुनै दिन पनि एक न एक साधु-सन्तहरु खालि हुँदैनथ्यो। साधु मध्ये पनि चिया चुरोट, गाँजा भाङ्ग। खानेलाई अखण्ड धुनि भएको कुटीमा बसाल्नु गर्ने हुन्थ्यो। अनि म र मजस्तै दाल, भात, रोटी तरकारी भए पुग्नेलाई बसाल्ने अर्कै कोठा थियो। म त्यहाँ दोश्रो पल्ट पुगेको दिन पनि घरमा हुनु हुन्नथ्यो। तर घरमा आएका साधु-सन्त र अरु अतिथिहरुलाई पनि स्वागत सम्मान गर्ने तालीम प्राप्त परिवार भएको हुँदा म वस्ने उपयुक्त बैठक कोठामा बसाले। एक छिन पछि घरको मालिक श्रीप्रेमराई ज्यू आइपुग्नु भयो र मलाई देखेर खुशी हुँदै नमस्कार आइपुग्नु भयो। भन्नु भयो। र मैले पनि फिरताको "घुम्दै फिर्दै रुम्झाटार" भने झै फेरि आइ पुगे भने।

जुन व्यक्ति जुन विषयको संस्कार लिएर जन्मेको हुन्छ उ जुन सुकै पेशामा लागेको भएतापनि भित्र हृदयमा उही विषयको चासो राख्ने हुन्छ। उहाँ धरान नगरको एक व्यस्त उद्योग पति त्यसमा एक वर्ष अघि नौलो नचिन्ने व्यक्ति एक रात वासवस्दा देखाएर कुरा गरेको वारेमा भेट हुना साथ पहिल्यै सोध्नु पोहर नेपाली भाषामा अनुवाद गर्दै गर्नु भएको श्रीमद्भागवत लेखेर पुरा गरिसक्नु भो ? लेखेर पुरा गरेर पनि सिद्धार्थनगरको एक छापाखानामा छपाउन पनि थालिसकें भने। कति खर्च लाग्ने भो ? अहिले केही निश्चित भएको छैन तर प्रकाशकहरु पुरा भइसकेको छ, मैले भन्दा मुख निरासिलो पारेर चुप लाग्नु भएको कुरा भोलि पल्ट म हिंडने बेलामा प्रकाशकहरु

पुराभइसकेको भएपनि भागवत प्रकाशनमा मेरो पनि यति मिसाइदिनुस् भनेर रु. १५००।- दिनु हुँदा उहाँको पनि प्रकाशक बन्ने इच्छारहेछ भन्ने बुझें । त्यो दिन हेटौंडा पुग्न उहाँले वसको टिकट लिइदिनु भो र बसचढेर अर्को पल्ट आउँदा भागवतको पुस्तक पनि लिएर आउने छु" भनेर हिंडे ।

तेश्रो पल्ट जाँदा मैले नेपाली भाषामा छायानुवाद गरेको उपरोक्त श्रीमद्भागवत उहाँलाई र डा. स्वामी श्री १००८ प्रपन्नाचार्यज्यूलाई भनेर लगेको दुवै दिंदा खुशी हुँदै भन्नु भो, धेरै ठुलो काम गर्नु भो यो त । लर्तरो व्यक्तिबाट हुने काम होइन । ठुलै त्यागी तपसी र विद्वान महात्माबाट मात्र सम्भव हुने कार्य हो । म कुनै त्यागी, तपसी र विद्वान व्यक्ति त होइन, भगवानले अदृश्य रुपमा प्रेरित गर्नु भएको हुँदा उहाँको इशारात्मक आदेशलाई शिरोपर गरेको हुँ मेरो बल बुद्धिले मात्र के सम्भव हुनु ।

बेलुका बैठकमा हामीदुई जना मात्र थियौं । आध्यात्मिक विषयमत्नै कुरा गर्दा गर्दैछ श्रीप्रेमराईले भन्नु भो, म पनि ५० वर्षको उमेर पुगे पछि यो घर र परिवार छाडेर सन्यासी बन्ने विचार गरेको छु । मैले मनमनै भने, म जोगी सित हुँदा कुराको सिलसिला मिलाउनु भएको, होला तेश्रो पल्ट जाँदा ३।४ दिन बसें ।

उहाँ को पेशा पाउरोटी बनाएर विक्री गर्नु हो । "पाना पारोटी भण्डार" कारखानाको नाउ थियो । कामदारहरु २० । २५ जना थिए आफुपनि उनीहरुसितकार्यमा व्यस्त हुनु हुन्थ्यो । त्यसैले विहान-बेलुकामात्र कुरा कानि गर्ने गऱ्यौं । ३।४ दिन वस्ता उहाँ मलाई एक आत्मिए मित्र मानेर आफ्नो जीवनी यथार्थ रुपमा वताउनु भयो ।

बेलुका बैठकमा हामीदुईमात्र थियौं । उहाँले भन्नु भो, "सवैले जति धन सम्पत्ति भएपनि पुगेन मात्र भन्ने गर्छन् मैले पुगेन भन्दिन, भएको बचाईदिनु भएहुन्छ भगवानले म यतिको योग्यता भएको मान्छे होइन तर श्री भगवानले यति बताइदिनु भयो । म भोजपुरबाट यो धरानमा आउँदा जिउ भरि जुम्रा र घाँटी भरि मयल बोकेर आएको हुँ । भोजपुर टक्सारको बाँडाको भैसी चराउने

गोठालो थिएँ धरान हेर्न मनलागेर आएको हुँ । पहाडको खोटाङ्ग जिल्लाको एक अनकन्टार ठाउँमा जन्मेको अनपढ केटो यहाँ आइपुग्दा एक जंगली जन्तु जस्तो थिएँ । यहाँका साहु महाजनको घरमा बसेर भाँडा माभ्ने भारी बोक्ने काम गरेर जिउ पाल्ने गर्दा गर्दै उमेर बढ्ने र बुद्धि पलाउने पनि गर्न थाल्यो र उक्त पेशाले कमाएको रुपियाँ बचाएर सात पात, विडी, आदिको व्यापार गरें । त्यसपछि जुवातासको कुलतमा पनि लागें ।

सानो सानो भएपति बेपार पेशाबाट राम्रो थियो । जुवा तासको कुपेशामा कहिले जितेर रुपियाँको छेलो खेलो हुने कहिले हारेर भोकभोकै हुनु पर्ने भयो र पछि आफु नखेल्ने खेलाउने मात्र गर्न थाले । त्यसबाट आर्थिक अवस्था त राम्रै भयो तर दिगो र शुद्ध कमाइ ठहरिएन । र केही समय त्यसै बसें ।

त्यसै बेला श्री शंभुगिरी नामको एक अघोरी साधुसित भेट भयो । उहाँको संसर्गले मलाई आध्यात्मिक विषयतिर चासो लाग्न थाल्यो । र अनि अरु आधुसन्त भएको ठाउँमा पनि जान थाले सुङ्गुरको मासु, जाँड र रक्सी खाने र जुवा तास जस्तो कुवेसनमा लागेको किरात राई कुलको ब्यक्तिलाई साधुहरुको संसर्गले सद्भावनातिर डोऱ्याउन थाल्यो । मेरो आहार र विहार र व्यवह्रारमा पुरै सुधार हुन सकेको थिएन तापनि निकै कमी हुँदै गयो ।

त्यस्तैमा साधु महात्माहरुकै आदेश र निर्देशनले सार्वजनिक रुपमा यही धरानमा २/३ पल्ट सम्म विभिन्न यज्ञयज्ञादि भव्यरुपमा सम्पन्न गर्न पनि समर्थ भएँ ।

मेरो पूर्वजन्मको फल अथवा मेरो भाग्ये विक्रम सम्वत २०३७ सालमा डा. स्वामी श्री १०८ प्रापन्नाचार्यज्यूको दर्शन र स्पर्शनले मेरो जीवनमा आफूले परिवर्तन भयो ।

ऐले भौतिक दृष्टिकोणले सम्पन्न छु । किन भने म सम्पत्ति, श्रीमती र सन्तति तर यी सवैराम छायाँ मात्र हुन् । यिनीहरु जन्मदा संगै आएका होइनन् मर्नेबेलामा कोही संगै जाने पनि होइनन् अनि संगै बाँचुन्जेल पनि वास्तविक सुख शान्ति दिने होइनन् भन्ने मेरो हृदयरुपी आकाशमा सद्भावनाको सूर्य

उदायो ।

श्री प्रेमराई निरक्षरबाट साक्षर सम्म मात्र हुनु भएको भए तापनि उहाँका शब्दहरु साहित्यिक र सत्य एवं तथ्य पूर्ण थिए त्यसैले मैले केही नबोली चाखमान्दै ध्यान दिएर सुनिरहें। बेलुका खानेकुरा खाएर गफ़ गर्न थालेको आधा रात भइसकेछ । घरका सवैले एक निद्रा पुऱ्याइसके । म पनि उहाँको एकोहोरो कुरा सुन्दा सुन्दै निद्राले झुल्न थालेछु अनि उहाँले निद्रा लागेछ स्वामीजीलाई सुत्नुस् म पनि सुत्न जान्छु। त्यस्तै बेला

यस्तो मौका मिलेको बेलामा ज्ञानगुस्तकर कुरा सुनेर सिक्नु पर्नेमा मैले मात्र एकोहोरो आफ्नो मात्र गन्थन सुनाएँ । गन्थन होइन यो त तपाईको जीवनको यथार्थ चित्रण हो । तपाई जस्तो पवित्र हृदय भएको यथार्थ वादी व्यक्ति हुनु भएकोले जस्ताको त्यस्तै व्यक्त गर्न सक्नु भो। संघर्ष मय जीवनमा सफल व्यक्तित्व हुनु हुन्छ भन्दै सुत्ने तर्खरमा लाग्दा तपाई जस्तै महापुरुषहरुको आर्शीवाद भन्दै उहाँ आफ्नो कोठामा सुत्न जानु भो र म त्यै बैठककोठामा पल्टे ।

२०५४ सालको माघ महिनामा झापा जिल्लाको दमक नगरबाट सुनसरी जिल्लामा पर्ने धरान नगरको श्री प्रेम राईको घरमा पुग्दा दिँउसोको करीव ३ बजेको थियो । म त्यहाँ पुग्ना साथ सवै नौला दृश्यहरु मेरो नजरले देख्यो । टिनको छाना भएको पाउरोटी बनाउने कारखाना भएको ठाउँमा भव्य भवन तयार भएर धमाधम रंग रोगनलाउने काम भइरहेको धुनी घर पनि नभएको । घर अगाडिको मूल ढोका पनि भत्काएको । म त्यहाँ पुग्दा श्री प्रेम राई ज्यू घरमै हुनु हुँदो रहेछ । मलाई म जाँदा सुत्ने वैठक कोठामा लगेर बस्नासाथ मेरो कानमा सुटुक्क भन्नु भो "म यसपालि घर-परिवार छाडेर जाने तयारी गर्दैछु । मैले मेरो परिवारका सबैलाई तपाईको आश्रममा गएर बस्छु भनिराखेको छु। त्यसैले यहाँ कसैले सोध्यो भने हो भन्नु होला । मैले म वस्ने कुटी कोशी किनार चंतरा बनाइसकेको छु। कसैलाई थाहा दिएको छैन । एउटै जिल्लामा भएको कुटी थाहा पाइहाल्छन् नि, मैले भन्दा पछि थाहा पाए पनि

पाउन् ऐले केही समयलाई थाहा नपाउन्" भन्नु भो र म चुपलागे । उहाँले मलाई करीव ८/१० वर्ष अधिनै म ५० वर्ष उमेर भएपछि घर छाडेर संन्यासी वन्नेछु भन्नु भएको साँचो रहेछ भनेर सम्झें ।

भौतिक सुखका साधन सम्पत्ति, श्रीमती र सन्ततीले सम्पन्न हुँदैमा वास्तविक सुख आत्म शान्ति नहुने कुरा बुझेर त्यागाच्छान्ति रनन्तरम् भन्ने गीताको वाक्यमा मानव जीवन सार्थक बनाउन कम्मर कसिसक्नु भएको पवित्रात्मालाई मनमनै नमस्कार गरें । उहाँले गेरु वस्त्र धारण गरिनसक्नु भएपनि वास्तविक साधु वनिसक्नु भएको ।

अपिचेत् सुदुराचारो भजते मा यो अनन्यभाक साधुरे वसमन्तत्यो भन्ने श्रीकृष्णको वचन वमोजिम मनमनै भएपनि मैले नमस्कार गरेको ।

उहाँले जीवनको पूर्वार्धगर्नु भएका केही निन्दित कर्महरुको प्रायश्चित्ले निर्मूल भइसकेका थिए भने सामाजिक, शैक्षिक, धार्मिक क्षेत्रमा गर्नु, भएका शुभ कार्यले पूर्ण पवित्र वनिसक्नु भएको थियो । अनि सम्पन्न गृहस्थाश्रम छाडेर संन्यासो वन्ने दृढ संकल्पले महान वनि सक्नु भएको थियो ।

म चाँडैनै आफ्नो आश्रम पाणिनि तपोभूमि जाने भएको हुंदा भोलि पल्ट हिंडने बेलामा वसको टिकट दिनु हुँदै यो हाम्रो अन्तिम भेट भन्नु भएको कुरा श्रीनवीन राईज्यूले श्री प्रेमराई श्री १०८ त्रिदण्डी स्वामी चतुर्भुज प्रपन्नाचार्य हुनु भए रपनि समाधिस्थ भइसक्नु भएको संक्षिप्त जीवनी पुस्तिका हात परेपछि सत्य सावित भयो ।

उहाँको पार्थिक शरीर छुठेको कुराले मेरो मुटुमा एक छिन रन्थनिने गरी झड्का हाने पनि

एतावान् सांख्यपयोगाभ्यां स्वधर्म परिनिष्ठया ।
जन्मलाभः परः पुंसा मन्ते नारायणस्मृतिः ॥

भन्ने श्रीमद्भागवतको परमहस वाक्यले धैर्य धारण गरे र ढुक्क भएँ ।

संम्माननिय डा. श्री १००८ स्वामी प्रपन्नाचार्यज्यू जस्तो सूयोग्य गुरु मिलेको हुंदा प्रेम राईबाट श्री १०८ स्वामी प्रपन्नाचार्य हुने सौभाग्य पाउनु भएको हो ।

ॐ श्रीकृष्णपरमात्मने नमः

आध्यात्मिक जनस्वास्थ्य खण्ड

आरोग्यं भास्करादिच्छेत्

ध्येयः सदा सवितृ मण्डलमध्यवर्ती
नारायणः सरसिजासन सन्निविष्टः ।
केयूरखान् मकरकुण्डलवान् किरीटी
हारी हिरण्मयवपुर्धृत शङ्खचक्रः॥
आदिदेव नमस्तुभ्यं प्रसीद्ध मम भास्कर ।
दिवाकर नमस्तुभ्यं प्रभाकर नमोऽतुते ॥



प्रकाशक :- श्रीरामप्रसाद पोखरेल

(प्राध्यापक)

श्रीमती शारदादेवी पोखरेल

(अर्घाखाँची, पणेना-४

प्रकाशन सहयोगीहरु:-

१. श्रीघनश्याम गौतम, खिदिम, अर्घाखाँची
२. श्रीमहेन्द्र गौतम (प्राध्यापक), खिदिम, अर्घाखाँची
३. श्रीप्रमोद गौतम, खिदिम, अर्घाखाँची
४. श्रीनवीन गौतम, खिदिम, अर्घाखाँची
५. श्रीराम बहादुर मानव (प्राध्यापक), खिदिम, अर्घाखाँची
६. श्रीकेदारनाथ भुसाल, चारपाला, गुल्मी
७. श्रीतेज नारायण पोखरेल, जुठापौवा, पाल्पा

भवरोगको उपचार

